# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय वस्तु हो । मानवीय उच्चारण अवयवद्वारा उच्चारित आवाजलाई भाषा भनिन्छ (पौडेल, २०७० : १) । भाषालाई इच्छित भाव लक्षित तहसम्म पुऱ्याउने साधन मानिन्छ (भुसाल, २०७१ : १) । मानिस सामाजिक र सचेत प्राणी भएकाले सामाजिक व्यवहार सञ्चालन गर्न तथा अरूहरूले भनेको कुरा बुझ्न, ग्रहण गर्न अनि आफ्ना कुरा अरूलाई बुझाउन भाषाको प्रयोग गर्दछ (आचार्य, २०६८ : ५) । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्छ र सामाजिक सम्पर्क स्थापना र वृद्धि गर्न यसको उपयोग समाजमै गर्छ । भाषाको आर्जन एकातिर घर परिवार तथा छिमेकको सम्पर्कबाट स्वतः हुँदै गएको हुन्छ भने अर्कातिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ । मानिसको उमेर र सामाजिक सम्पर्क विस्तार हुँदै जाँदा भाषाको पनि विकास हुँदै जान्छ । सामाजिक तथा मानवीय व्यवहारको अभिन्न अङ्ग बन्छ (पौडेल, २०७० : १) । भाषा मानवको जन्मजात सम्पत्ति नभई आर्जित सम्पत्ति हो । भाषाका दुई रूपहरू रहेका हुन्छन् । ती हुन् : कथ्य र लेख्य । यिनीहरूकै माध्यमबाट भाषिक व्यवहार सञ्चालन हुन्छन् । यसर्थ भाषाबाटै हरेक कार्य सञ्चालन हुन्छन् । भाषाका आधारभूत सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । सुनाइ र पढाइ आदानात्मक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक सीप हुन् ।

भाषाका यिनै चार सीपहरूको एकीकृत उपलब्धि भाषा सिकाइ हो । भाषा भाषिक सीपहरूको शिक्षण हो । भाषिक सीपहरू एक अर्कामा अन्तर्सम्बन्धित हुन्छन् । यी चारवटै सीपहरूमध्ये पढाइ सीप पनि एक महत्त्वपूर्ण र आधारभूत भाषिक सीप हो र यसै सीपअन्तर्गत पठनबोध क्षमता पनि एक महत्त्वपूर्ण भाषिक सीप पक्ष हो । वक्ताले प्रकट गरेका आफ्ना मौखिक वा लिखित विचारलाई स्रोताले सुनेर र पढेर बोध गर्नुलाई पठनबोध भनिन्छ (अधिकारी, २०६७ : १७१) । पढाइ सीप पनि सस्वरपठन र मौन पठन गरी दुई प्रकारका हुन्छन् । पठनकलाको उत्कृष्ट रूप मौन पठन र यसको केन्द्रीय तत्त्व पठनबोध हो । कुनै मौखिक लिखित दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु नै बोध हो ।

पठनबोधले कुनै लेख्य अभिव्यक्तिलाई पढेर बुझ्ने क्षमतामा विकास गर्न विविध ज्ञान विज्ञान तथा व्यावसायिक क्षेत्र सम्बद्ध भाषाका विशिष्ट पद, पदावली, वाक्यरचना र अभिव्यक्तिगत विशेषताहरूसँग परिचित गराई तिनको सूक्ष्मताको बोध क्षमताको विकास गर्ने  बौद्धिक क्षमताको विकास गर्न पठनबोधले सहयोग गर्दछ । पठनबोध क्षमताले भाषाका विशिष्ट पद, पदावली, वाक्यरचना र अभिव्यक्तिगत विशेषतासँग परिचित गराई सूक्ष्मताको बोध गर्न, अभिव्यक्तिगत शैली विविधताको पहिचान उपयोग र प्रभावकारी कथ्य एवम् लेख्य अभिव्यक्ति विकास गर्न, विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको वृद्धि गरी त्यसको प्रभावपूर्ण उपयोग गर्न आदि पठनबोध शिक्षणका मुख्य प्रयोजन रहेका छन् । यसर्थ विद्यार्थीहरूको पठनबोध क्षमतामा रहेका समस्यालाई मध्यनजर गरी समस्या पहिचान समाधान र निराकरण गर्ने हेतुले एउटा क्षेत्र विशेष कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषणमा यो अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

शोधका लागि समस्या प्रथम सर्त हो । अतः शोधका लागि चयन गरिएको समस्याबारे शोधकर्ता पूर्ण रूपमा परिचित हुनु आवश्यक हुन्छ । समस्यालाई पूर्ण परिभाषित नगरेसम्म शोध प्रक्रिया अगाडि बढ्न सक्दैन । विद्यार्थीहरूले पठन सीपमा के कस्ता दक्षता प्राप्त गर्दछन् र उनीहरू आफ्ना विचारलाई के कति दक्षता प्राप्त गर्दछन् । उनीहरूमा आफ्ना विचारलाई के कति शृङ्खलावद्ध रूपमा बोध गर्न सक्छन् भन्ने यस अध्ययनको विषयका रूपमा रहेको छ ।

यस अध्ययनमा कञ्चनपुर जिल्लाका कक्षाा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनसँग सम्बन्धित समस्याहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ?

(ग) विद्यालय प्रकृतिका आधारमा पठनबोध क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोध समस्याको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । उद्देश्यले अध्ययनलाई गन्तव्यमा पुऱ्याउने भएकाले उद्देश्यहरू सरल, स्पष्ट, सङ्क्षिप्त र मापनीय हुनुपर्दछ । तसर्थ प्रस्तुत अध्ययनका लागि निश्चित बाटोमा डोऱ्याउन र निश्चित लक्ष्यमा पुऱ्याउन निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु,

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्नु,

(ग) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य/सान्दर्भिकता

नेपालमा नेपाली भाषा  सबै मातृभाषी बीचमाव साझा सम्पर्क भाषाको रूपमा रहेकोले प्राथमिक तहदेखि उच्च तहसम्म अनिवार्य एवम् ऐच्छिक विषयका रूपमा पठनपाठन हुँदै आएको छ । यसो भए तापनि विद्यार्थीहरूका पठनबोधको अभावले भाषिक बोध तथा अभिव्यक्ति कला विकासमाव कठिनाइ देखिएको पाइन्छ । तसर्थ विद्यालय तहम निर्धारण गरेको पाठ्यक्रम तथा भाषाका पाठ्यपुस्तकले सम्बन्धित तह स्तर र बौद्धिक क्षमता विकासमा समय सापेक्ष विषयवस्तु र नवीनतम ज्ञान विकासका लागि सन्दर्भ सामग्रीको पनि विकास गराई निरन्तर अभ्यास गर्न विद्यार्थीहरूको पठनबोध क्षमता विकासमा सुधार गरी बोध क्षमता विकासका लागि उक्त क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न महत्त्वपूर्ण मानिन्छ ।

विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर भएको खण्डमा त्यसको प्रत्यक्ष असर सम्बन्धित तह, उमेर, स्तरका विद्यार्थीहरूमा पर्छ । त्यसको कमजोरीले भाषिक विकासका साथै अन्य क्षेत्रका ज्ञान आर्जनमा समेत असर पर्न गई विद्यार्थीमा सोच्ने क्षमतामा समेत असर पुऱ्याउँछ । पठनबोधको कठिनाइले सम्बन्धित तहमा तयार पारेका पाठ्यक्रम, सन्दर्भ सामग्री उचित हुँदै जसको कारणले विद्यार्थीहरूको समय र श्रम र अभिभावकहरूको

लगानी समेत बालुवामा पानी हाले जस्तै बन्ने गर्छ । यस कार्यलाई न्युनीकरण गर्दै लैजानु आवश्यक मानिन्छ ।

यस अध्ययनले कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो रहेछ भनेर अध्ययन गर्न चाहने जिज्ञासु पाठक तथा शोधार्थीलाई उपयोगी बनेको छ भन्ने विश्वास गरिएको छ । साथै भाषिक सीपअन्तर्गतका पढाइ सीपमा पर्ने पठनबोध क्षमताले विद्यार्थीहरू विशेष प्रभाव पार्ने भएकाले यस प्रभावको शोधको विशेष सान्दर्भिकता रहेको पाइन्छ । उक्त विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा देखापरेका कमीकमजोरीहरू पहिचान गरी न्युनीकरणका लागि आवश्यक सुझाव दिन रहेको पाइन्छ । यिनै माथिका आधारमा अध्ययन गर्नु शोधको सान्दर्भिकता र औचित्यपूर्ण रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययन के कति क्षेत्र समय र स्थान र स्रोतमा आधारित भई गरिने भनी अध्ययन कार्य गर्नुभन्दा अगाडि नै सीमाङ्कन गर्नु आवश्यक हुन्छ । जसले निश्चित गोरेटोमा हिँडाउनमा मद्दत पुऱ्याउँछ । प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका बेलौरी नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा सीमित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्य कञ्चनपुर जिल्लाका बेलौरी नगरपालिका भित्रका ५ सरकारी र ५ निजी विद्यालयका विद्यार्थीहरूमा सीमित रहेको छ ।

(ग) यस अध्ययनमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा पठनबोध क्षमताको अध्ययनमा आधारित रहेको छ ।

(घ) प्रस्तुत अध्ययन कक्षा पाँचका ५० छात्र र ५० छात्रा सीमित रहेको छ

(ङ) पठनबोध क्षमताको अध्ययनका लागि दृष्टांश र अदृष्टांश सामग्रीको प्रयोगमा आधारित रहेको छ ।

## १.६ शोधको रूपरेखा

प्रस्तुत शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तीन : अध्ययन विधि तथा प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीको पठनबोध क्षमताको विश्लेषण

अध्याय पाँच : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन

अध्याय छ : विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन गर्नुभन्दा पहिला त्यस विषयसँग सम्बन्धित अगाडि नै भइसकेका अनुसन्धानको अध्ययन गर्नु आवश्यक हुन्छ । विगतको अध्ययन र अनुसन्धानले वर्तमान कार्यलाई अगाडि ब ढाउन सघाउ पुऱ्याउँछ । पूर्वकार्यको अध्ययनले वर्तमान अध्ययन र अनुसन्धान कार्यलाई मार्गदर्शन गरिदिन्छ र सम्बन्धित विषयमा नयाँ तथ्यहरू पत्ता लगाउन मद्दत गर्दछ । पूर्वकार्यको अनुभवले वर्तमानमा गर्न लागिएको कार्यलाई गन्तव्यमा पुऱ्याउनको लागि अहम् भूमिका खेलेको हुन्छ । पूर्वकार्यको समीक्षाले यसभन्दा अगाडि सम्बन्धित विषयमाव के कति कार्यहरू भएका छन् ? के कति प्रयासहरू भएका छन् ? ती प्रयासहरू के कस्ता पक्षसँग सम्बन्धित छन् ? आदिको जानकारी प्राप्त गर्नका लागि अत्यन्तै आवश्यक रहेको हुन्छ । त्यस कारण पठनबोध क्षमताको अध्ययनसँग सम्बन्धित पूर्वकार्यको समीक्षा वा सोसम्बन्धी भएका प्रयासहरूलाई क्रमशः प्रस्तुत गर्न उपयुक्त देखिन्छ :

### २.१.१ पुस्तक समीक्षा

ढकाल (२०६६) द्वारा *नेपाली भाषा शिक्षण परिचय र प्रयोग* नामक पुस्तकको अध्याय एघारमा वाचन, पठनबोध र द्रुतपाठ शिक्षण शीर्षक पठनबोधको परिचय, पठनबोधको महत्त्व र आवश्यकता, माध्यमिक तहमा पठनबोधको महत्त्व र आवश्यकता, मौनवाचन वा पठनबोध सञ्चालन गर्दा विचार पुऱ्याउनुपर्ने कुराहरू पठनबोधका लागि मौनपठनका उपयोग, पठनबोधका लागि सामग्री छनोट, पठनबोधका सामान्य कार्यकलापहरू, पठनबोध शिक्षणका क्रम, निर्दिष्ट पाठ्यांशको पठनबोध गराउनु अघि गर्नुपर्ने कामहरू, अभ्यासका लागि बाल साहित्यको उपयोग जस्ता समावेश रहेको पाइन्छ (२०६६ : २३७-२५१) । यस पुस्तकमा पठनबोधको परिचय, महत्त्व जस्ता कुराहरू समेटिएको छ । त्यसकारण उक्त पुस्तक पठनबोध अध्ययनका लागि उपयोगी रहेको छ ।

अधिकारी (२०६७) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशित गरिएको छ । यस पुस्तकमा पठन तथा पठनबोध शिक्षण शीर्षकमा पठनका परिचय, पठनका तह, पठन शिक्षणको महत्त्व र आवश्यकता, पाठ्यसामग्रीको छनोट, पठन शिक्षणका कार्यकलापहरू,

बोध प्रश्नहरू, बोधका कार्यजस्ता कुराहरू मात्र समावेश गरिएको पाइन्छ (२०६७ : ७६-९९) । उक्त पुस्तक आंशिक मात्रामा पठनबोधसम्बन्धी विष्यावस्तु समावेश गरिएको हुनाले उक्त पुस्तकले पठनबोध क्षमता अध्ययनका लागि अगाडि बढ्न सहयोग पुऱ्याएको छ ।

लामिछाने (२०६९) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशित भएको पाइन्छ । यस पुसतकको अध्याय एघारमा पठनबोध र द्रुतपाठ शिक्षण शीर्षकमा पठनबोध शिक्षणको विषयसूची समावेश गरिएको पाइन्छ । यसअन्तर्गत पठनबोधको परिचय, सस्वरपठनको आवश्यकता, सस्वरपढाइका कार्यकलाप, मौन पढाइका कार्यकलाप, कक्षा स्तरअनुरूप सस्वर र मौन पठनको उपयोग, पठनबोध शिक्षण क्रम र द्रुतपाठ शिक्षण जस्ता विषयहरू राखिएको पाइन्छ (२०६९ : १२१-१२७) । यस पुस्तकमा पठनबोधसँग सम्बन्धित सस्वरपठन र मौनपठनको बारेमा स्पष्ट पारिएको हुनाले पठनबोध शिक्षणका लागि उल्लेख्य रहेको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशन गरिएको पाइन्छ । यस पुस्तकमा बोध शिक्षणका परचय, पठनबोध शिक्षणका प्रयोजनको बारेमा उल्लेख गरेको पाइन्छ । यस पुस्तकमा पठनबोध शीर्षकमा आधारित भएर मौनपठनको उपयोग, सामग्री छनोट पठनबोध शिक्षणका कार्यकलापहरू र पठनबोध शिक्षण क्रममा साथै बोध प्रश्नका विशेषताको बारेमा विस्तृत चर्चा गरिएको हुनाले अध्ययनका क्रममा यसको उल्लेख्य भूमिका रहेको छ ।

शर्मा र पौडेल (२०७०) द्वारा *नेपाली भाषा साहित्य शिक्षण* नामक स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यपुस्तक प्रकाशित भएको छ । पठनबोध क्षमताको लागि लिखित र मौखिक वा मुद्रित सामग्री अभिव्यक्त भएका छन् । पठनबोध शिक्षणका मूलभूत उद्देश्य भनेको भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता पर्दछन् । पठनबोध सस्वरपठन, मौनपठन, द्रुतपठन जस्ता कुराहरू सामान्यतया चार तहमा विभाजन गरेको पाइन्छ । अभिभधात्मक तह, व्याख्यात्मक तह, समीक्षात्मक तह, सिर्जनात्मक तह रहेका छन् । पठनबोध क्षमता बोधगम्यता, श्रुतिबोध जस्ता कुराहर पर्दछन् । सस्वरपठनभन्दा मौन पठन बढी उपयोगी हुन्छ । पठनबोध शिक्षणबाट पाठ्यसामग्री अभिव्यक्त विचार वा भाव बुझेर परिचित भइसकेपछि मौन पठन तर्फ अग्रसर गराउँदै लैजाने जस्ता सुझाव र निष्कर्ष निकालिएको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

ढकाल (२०६६) द्वारा 'कक्षा तीनका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु, पाठ्यक्रमले अपेक्षा गरेअनुसार पढाइको प्रगति क्षमता पत्ता लगाउनु, नेपाली पहिलोभाषी र दोस्रोभाषी छात्र छात्राहरूको पठन क्षमता पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएको छ । उक्त अध्ययनमा क्षेत्रीय विधि र आवश्यकतानुसार पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ । उक्त अध्ययनमा खोटाङ जिल्लाका एक निजी र दुई सरकारी गरी जम्मा तीन विद्यालयबाट नमुना छनोट पद्धतिअनुसार ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । उक्त अध्ययनमा पठनबोध क्षमता कमजोर रहेको र पहिलो भाषी विद्यार्थीहरूभन्दा दोस्रोभाषी विद्यार्थीको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई तथ्य सङ्कलनमा सहयोग पुगेको छ ।

अधिकारी (२०६७) द्वारा 'तनहुँ जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधकार्यमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा पठनबोध क्षमता पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमताको तुलना गर्नु उद्देश्य राखिएका छन् । अध्ययनमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त अध्ययनमा तनहुँ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयलाई नमुनाका रूपमा लिइएको छ । शिक्षण सामग्रीको रूपमा प्राथमिक स्रोतका साथै गौण स्रोत समेत प्रयोग गरिएको छ । यस अध्ययनमा ग्रामीण क्षेत्रका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा शहरी क्षेत्रका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो छ । छात्रा र छात्राहरूको पठनबोध क्षमताको तुलनामा छात्राहरूको पठनबोध उच्च रहेको छ र दृष्टांश पठनबोध क्षमता संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रले विद्यार्थीहरूको विभिन्न आधारमा तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

दाहाल (२०६७) द्वारा 'झापा जिल्लाका उच्च माध्यमिक तहमा अध्ययनरत कक्षा बाह्रका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइयो । यस अध्ययनको उद्देश्य कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान

गर्नु, मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश  पाठ्य उच्चारण बीच पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नुका साथै पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखिएको पाइन्छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशतलाई हेर्दा प्राप्ताङ्क प्रतिशत सन्तोषजनक रहेका छात्रछात्राबीचको पठनबोध क्षमता समान रहेको निष्कर्ष निकालिएको थियो । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई नयाँ सूचना प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

न्यौपाने (२०६७) द्वारा 'कक्षा चार पुरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षक सम्पन्न गरिएको छ । अध्ययनले कक्षा चार पूरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, उक्त विद्यार्थीहरू भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यार्थीहरूको प्रकृतिका आधारमा पठनबोध क्षमताको पहिचान गर्नु, उक्त समूहका विद्यार्थीहरूको दृष्टटांश र अदृष्टांश पाठ्य उद्धरण बिच पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु जस्ता उद्देश्य राखिएका छन् । उक्त अध्ययन अगाडि बढाउनको लागि क्षेत्रीय अध्ययन विधिका साथै जनसङ्ख्या नमुना लिइएको छ । उक्त ध्येयले पठनबोध क्षमतालाई प्रतिशतमा गणना गर्दा मध्यमानलाई आधार मानी हेर्दा समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको लैङ्गिक आधारमा छात्र र छात्राहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको र विद्यालय प्रकृतिका आधारमा पनि पठनबोध क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई विषयवस्तुको विश्लेषणका लागि ढाँचा प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

कुँवर (२०६९) द्वारा 'अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा अछाम जिल्लाका पाँच कक्षामा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पाठहरूको पठनबोध क्षमता पहिचान गर्नु, उक्त जिल्लाका पाँच कक्षाका विद्यार्थीहरूको स्थानीयता, लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा तुलनात्मक पठनबोध क्षमताको स्थिति पहिचान गर्नु जस्ता उद्देश्य राखिएको छ । प्रस्तुत अध्ययनमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलन स्रोतका रूपमा प्राथमिक स्रोत र द्वितीय स्रोतको प्रयोग गरिएको छ भने पूर्वकार्यहरू सन्दर्भ पुस्तकहरू, सम्बन्धित विज्ञका रायहरू, सुझावहरू द्वितीय स्रोतको रूपमा समावेश गरिएका छन् । प्रस्तुत अध्ययनमा अछाम जिल्लाका तीन निजी र तीन सरकारी विद्यालयबाट नमुना छनोट पद्धतिअनुसार ७२ जना विद्यार्थीहरूलाई नमुनाको रूपमा

लिइएको पाइन्छ । त्यस्तै गाउँको विद्यालयको तुलनामा शहरका विद्यालयहरूको पठनबोध क्षमता उच्च रहेको छात्राका तुलनामा छात्राहरूको पठनबोध क्षमता कमजोर रहेको अध्ययनले कक्षा शिक्षणका पठनबोधसम्बन्धी अतिरिक्त क्रियाकलाप समावेश गर्नुपर्ने, पाठ्यक्रम, पाठ्यपुस्तकहरू विद्यार्थीका रुचि, क्षमता, आवश्यकता तथा बौद्धिक स्तरका हुनुपर्ने जस्ता पक्षहरूलाई सुझावको रूपमा पेश गरिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई नयाँ सूचना प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

पण्डित (२०६९) द्वारा 'खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त अध्ययनमा कक्षा आठका विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि र लैङ्गिकताको आधारमा पठनबोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि र लैङ्गिकताको आधारमा पठनबोध क्षमता पहिचान गर्नु, पठनबोध क्षमताका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखिएको छ । उक्त अध्ययनलाई अगाडि बढाउनको लागि क्षेत्रीय अध्ययन विधिका साथै जनसङ्ख्या, प्रतिनिधिव नमुनालाई लिइएको छ । ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाको रूपमा छनोट गरएको छ । शिक्षण सामग्रीको रूपमा प्राथमिक स्रोतका साथै गौण स्रोतका रूपमा छनोट गरिएको छ । शिक्षण सामग्रीको रूपमा प्राथमिक स्रोतका साथै गौण स्रोतका रूपमा पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, पत्रपत्रिका, लेख, रचनाहरू समावेश गरिएको छ । उक्त अध्ययनले प्रतिशताङ्क स्थितिका आधारमा विद्यार्थीहरूको समग्र पठनबोध क्षमता सन्तोषजनक रहेको, विद्यालय प्रकृतिका आधारमा निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको पठनबोध क्षमता निराशजनक रहेको, भाषिक पृष्ठभूमिको आधारमा पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई तथ्य सङ्कलनमा सहयोग पुऱ्याएको छ ।

गौतम (२०७०) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा गरिएको पाइन्छ । उक्त शोधकार्य कक्षा नौमा विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि, लैङ्गिकता, क्षेत्रीय र स्थानीयताका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु, पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव पेश गर्नु जस्ता प्रमुख उद्देश्यहरूमा

केन्द्रित रहेको पाइन्छ । उक्त अध्ययन नेपाली मातृभाषीभन्दा दोस्रोभाषी, तराईबासीभन्दा पहाडिया र सहरियाभन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । यसका साथसाथै उक्त अध्ययनका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अधययनबाट शोधार्थीलाई विषयवस्तुको विश्लेषणका लागि ढाँचा प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

तिमिल्सेना (२०७३) द्वारा 'कैलाली जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा पठनबोध क्षमता पहिचान गर्नु उद्देश्य रहेका छन् । मूलतः सर्वेक्षण विधिलाई आधार बनाइएको नमुना सङ्कलनका लागि कैलाली जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयलाई समेटिएको देखिन्छ । यस अध्ययनमा सामग्री विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको दृष्टांश र अदृष्टांश पठनबोध क्षमता जस्तै रहेको, छात्राको पठनबोध क्षमता राम्रो रहेको र नेपाली मातृभाषीभन्दा अन्य मातृभाषीहरूको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययन विधिको आंशिक सहयोग लिई प्रस्तुत शोधकार्यमा कक्षा आठका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

पौडेल (२०७३) द्वारा 'चितवन जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोध प्रतिवेदन तयार पारिएको छ । उक्त अनुसन्धानमा चितवन जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा उक्त विद्यालयको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलनात्मक स्थितिको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू राखी अध्ययन गरिएको छ । उक्त अध्ययनमा चितवन जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०/१० जनाका दरले विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिई सामग्री सङ्कलन गरिएको छ । उक्त अनुसन्धानमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय स्रोतका आधारमा सामग्री सङ्कलन गरिएको छ । परीक्षणीय सामग्रीहरूलाई विद्यार्थीहरू माझ परीक्षण गरी प्राप्त नतिजालाई साङ्ख्यिकीय आधारमा व्याख्या विश्लेषण गरिएको छ । उक्त अनुसन्धानमा

संस्थागत विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको, लैङ्गिकता आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता छात्राहरूको भन्दा छात्रहरूको क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधपत्रले विद्यार्थीहरूलाई विभिन्न आधारमा तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

श्रेष्ठ (२०७३) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीक्षहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । यस अध्ययनले काठमाडौँ जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्न, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्न, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्न मुख्य उद्देश्य राखेर अध्ययन गर्न मुख्य उद्देश्य राखेर अध्ययन कार्य सम्पन्न भएको पाइन्छ । उक्त अध्ययनमा काठमाडौँ जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०/१० जनाका दरले विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिई सामग्री सङ्कलन गरिएको छ । उक्त अनुसन्धानमा सर्वेक्षण विधिको प्रयोग गरएको छ । प्राथमिक र द्वितीय स्रोतका आधारमा सामग्री सङ्कलन गरिएको छ । परीक्षणीय सामग्रीहरूलाई विद्यार्थीहरू माझ परीक्षण गरी प्राप्त नतिजालाई साङ्ख्यिकीय आधारमाव व्याख्या विश्लेषण गरिएको छ । उक्त अध्ययनले सार्वजनिक विद्यालयका पठनबोध क्षमता सन्तोषजनक रहेको दृष्टांश पठनबोध क्षमता कमजोर रहेको र संस्थागत सहरिया विद्यार्थीहरूका पठनबोध क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई विषयवस्तुको लागि आवश्यक/महत्त्वपूर्ण हुने देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ पठनबोधको परिचय

भाषा मानवीय वस्तु हो । मानवीय उच्चारण अवयवहरूद्वारा उच्चारित आवाजलाई भनिन्छ (पौडेल, २०७०: १) । मानिस सामाजिक र सचेत प्राणी भएकाले सामाजिक व्यवहार सञ्चालन गर्न तथा अरूहरूले भनेका कुरा बुझ्नु, ग्रहण गर्न अनि आफ्ना कुरा अङ्कलाई बुझाउन भाषाको प्रयोग गर्दछ (आचार्य, २०६८: ५) ।

भाषा मानव मनका व्यवहारहरू अभिव्यक्तिको माध्यम हो । तसर्थ शिशु अवस्थाबाट नै भाषा सिकाइ प्रक्रिया आरम्भ हुन्छ । आमाबाट बालकले भाषा सिक्नु सुरु गर्दछ । भाषा

शिक्षण मूलत, अन्तर्सम्बन्धित विषय हो । यो भाषाविज्ञान, मनोविज्ञान र शिक्षणसँग सम्बन्धित हुन्छ (ढुङ्गले र दाहाल, २०६७ : ३) । मानवीय विचारलाई भाषाका दुई माध्यमहरूले विनियम गरेका हुन्छन् । ती हुन्: मौखिक र लिखित भाषा भाषिक सिपसँग सरोकार राख्ने विषय हो भाषा विद्यार्थीका भाषिक व्यवहारलाई उनीहरूको अनुकुल बनाउन भाषा शिक्षण आवश्यक पर्दछ । सुनाइ र पढाइसँग बोध क्षमता, बोलाई र लेखाइद्वारा अभिव्यक्ति क्षमतालाई औल्याई उद्देश्यमूलक बनाउन भाषा शिक्षण गरिन्छ । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण भएकाले भाषा भनेको भाषाका आधारभूत सिपहरूको शिक्षण हो (पौडेल, २०७० : ३) । आधारभूत सिप भन्नाले सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी भाषिक सिपहरू एक अर्कामा अन्तर्सम्बन्धित छन् । भाषा शिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ यी चारवटै भाषिक सिपहरूको सन्तुलित ढङ्गले विकास गर्नुपर्दछ । भाषाका चारवटा सिपहरूमध्ये पढाइ सिप एक महत्त्वपूर्ण र आधारभूत सिप हो ।

पढाइ सिपको सम्बन्ध बोध क्षमतासँग रहेको हुन्छ, त्यसैले भाषिक सिपहरूमध्ये क्षमता एक महत्त्वपूर्ण भाषिक सिप हो ।

बोध शब्द 'बुध्' धातुमा 'अ' प्रत्यय लागे बनेको हो । जसको अर्थ बुभ्नु हुन्छ । बोधको अर्थ सामान्य सुनेका वा पढेका सामग्रीहरूको अर्थ बुभ्काइ भए पनि व्यापक रूपमा कुनै मौखिक, लिखित, दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुभ्नु बोध हो (पौडेल, २०७०: ७०) । बोध भाषा हो आदानात्मक सिप अन्तर्गत पर्दछ । कुनै पनि कुरा व्यक्त गर्नुभन्दा पहिला सो कुरा बुभ्ने पर्ने भएकाले बोधलाई अभिव्यक्ति क्षमता विकासको पूर्व सर्त मानिन्छ । तसर्थ बुभ्ने, साँच्ने र स्मरण गर्ने काम हुने बोधलाई निम्नलिखित परिभाषामा समट्ने प्रसार गरिएको छ ।

बोध भन्नाले सुनेर वा पढेर बुभ्ने क्षमता वा सिप जान्ने वा बुभ्ने काम समभ्कको जानकारी भन्ने बुभ्किन्छ (ने.वृ.श, २०४०) । सुनेर, पढेर, हेरेर, कुनै कुरा बुभ्ने काम वा क्षमता, ज्ञान, अनुभव समभ्क, सौच, सम्भ्कना र अनुभूति आदिलाई बोधका रूपमा अर्थ्याउन सकिन्छ । भाषिक सन्दर्भमा बोधको अर्थ सामान्य अनुभूति आदिलाई बोधका रूपमा अथ्यार्उन सकिन्छ । भाषिक सन्दर्भमा बोधको अर्थ सामान्यत: सुनेका र पढेका सामग्रीहरूको अर्थ बुभ्काइ, भए पनि व्यापक रूपमा कुनै मौखिक, लिखित वा अमूर्त सन्देशको अभिप्राय

बुझ्नु बोध हो (शर्मा र पौडेल, २०७०: १०७) । बोधको मुख्य तात्पर्य वक्ताले कथ्य, लेख्य, रूपमा प्रकट गरेका अभिव्यक्ति ग्रहण गर्नसँग सम्बन्धित हुन्छ ।

सामान्यतः अङ्ग्रेजी 'कम्प्रिहेन्सन' शब्द नेपाली रूपान्तरण बोध भन्ने हुन्छ । जसले दिमागी कार्य, शक्ति, समक्ष भाषिक क्षमताको विकास वा परीक्षणका निम्ति गरिने कार्यलाई बुझाउँछ । त्यस्तै बोध भन्नाले भाषा शिक्षण सिकाइका क्रममा भाषिक अभिव्यक्तिको बुझाइ भन्ने बुझिन्छ । पठनबोध त्यस्तो भाषिक क्षमता हो । जसले मानिसमा हुनुपर्ने बौद्धिक क्षमताको विकासमा मद्दत पुऱ्याउँछ । मानिसमा बोध क्षमता जति धेरै हुन्छ उति उच्च बौद्धिक क्षमता भएको मानिसको रूपमा स्थापित हुन पुग्छ । लेख्य भाषिक संरचनाबाट कुनै पनि विषयवस्तुको अभिप्राय भाव, विचार वा दृष्टिकोण, सारसङ्क्षेप र सिङ्गो विषयवस्तु बुझ्नु वा ग्रहण गर्न पठन बोध क्षमताको आवश्यकता पर्दछ ।

समग्रमा माथि उल्लेखित विभिन्न परिभाषा एवम् अर्थका आधारमा बोध शब्दलाई बुझ्ने क्षमता, समक्ष, जानकारी अनुभव, सम्झना, ज्ञान, शक्ति, भाषिका क्षमता, विकास, सचेततापूर्वक रूपमा बुझ्ने क्षमता, दिमागी काम, ग्रहण गर्ने शक्ति आदिका रूपमा लिइन्छ । तापनि यस अध्ययनमा बोध शब्द पठनबोधसँग सम्बन्धित भएकाले निष्कर्षमा पठनबोध विनाको भाषा शिक्षण कल्पना समेत गर्न नसकिने हुन्छ ।

### २.२.२ पठनबोधका प्रकार

कुनै पनि लिखित तथा मौखिक अभिव्यक्तिलाई पढेर वा सुनेर त्यस अभिव्यक्तिले भन्न खोजेको सार कुरा बुझ्नुलाई बोध भनिन्छ । बोध भनेको बुझ्ने क्षमता ग्रहण गर्न सकने क्षमता हो । बोध सामान्यतः श्रुतिबोध र पठनबोध गरी दुई प्रकारका हुन्छन् :

#### २.२.२.१ श्रुतिबोध

श्रुतिबोध श्रवणकला विकासको महत्त्वपूर्ण आधार हो । यसले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने, प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका दुई पक्ष बोध र अभिव्यक्ति हुन्छन् । भाषको विकास श्रुतिबाट प्रारम्भ हुने भएकाले श्रुतिबोध क्षमता विकास भाषा शिक्षणको प्रमुख आधारविन्दु मान्न सकिन्छ । बोधले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका प्रमुख पक्ष बोध र अभिव्यक्तिमध्ये श्रुतिबोध ग्रहण पक्षसँग सम्बन्धित रहेको छ । त्यसैले श्रुतिबोधलाई अभिव्यक्तिले पूर्वसर्तको रूपमा लिइन्छ ।

### २.२.२.२ **पठनबोध**

कुनै पनि लिखित भाषामा उतारिएका सामग्री साम्ररी पढेर त्यसमा व्यक्त आशय वा भाव बुझ्नुलाई पठनबोध भनिन्छ । पठनबोध प्रक्रियामा आँखा दृश्यात्मक प्रतीक (अक्षर, शब्द, प्रदावली, वाक्य आदि र अर्थानुसन्धान यी तीन कुराको संलग्नता रहन्छ । पठनबोध कार्यलाई एक जटिल एवम् चुनौतीपूर्ण मानसिक कार्य मानिन्छ (अधिकारी, २०६७: ७६) । पठनबोध गर्ने क्रममा पाठकले अक्षर, शब्द पदावली वा वाक्यको पहिचान आफ्नो बोध क्षमताको आधारमा अर्थ लगाउने काम गर्दछ । यसप्रकार कुनै लिपिबद्ध भाषामा लेखिएका सामग्रीलाई पढेपछि त्यस प्रति जेजस्तो अवधारणा मस्तिष्कमा रहन्छ । त्यो नै यथार्थमा पठनबोध हो । पठनबोध क्षमताको विकासका लागि विद्यार्थीहरूलाई विद्यालयभित्र एवम् बाहिरका विभिन्न अवसरहरू उपलब्ध गराउनु पर्छ ।

### २.२.३ **पठनबोध शिक्षणको प्रयोजन**

पठनबोध शिक्षणको प्रयोजन (पौडेलः २०७०: ७१) लाई निम्नानुसारका बुँदामा समेट्न सकिन्छः

- कुनै लेख्य अभिव्यक्तिलाई पढेर बुझ्ने क्षमताको विकास गर्नु र अभिव्यक्तिगत तथ्य, विचार वा भाव पक्रेर आफ्नो प्रतिक्रिया व्यक्त गर्न सक्ने क्षमता विकास गर्न,
- लिखित सामग्रीको मौन वाचन गरी पढाइको गति विकास गर्न पठनबोध उपयोगी ठहरिने,
- विविध ज्ञान विज्ञान तथा व्यवसायिक क्षेत्रसँग सम्बद्ध भाषाका पद, पदावली, गराई तिनको बोध गर्न क्षमताको विकास गर्न,
- गहन पठनका लागि पठनबोधको शिक्षणले महत्त्वपूर्ण भूमिका खेल्ने,
- लिखित सामग्रीलाई गति, यति, मिलाई शुद्ध र स्पष्ट सस्वरवाचन गर्न,
- अभिव्यक्ति शैली विविधताको पहिचान, उपयोग र प्रभावकारी कक्षा एवम् लेख्य अभिव्यक्ति विकास गर्न मद्दत पुऱ्याउनु
- पाठका व्यक्त भएका विषयवस्तुको सही अर्थ लगाइ पढ्न,

- विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको वृद्धि गरी त्यसको प्रभावकारी उपयोग गर्दै प्रयोग गर्न सक्ने क्षमताका साथै व्याकरणात्माक क्षमताको विकास गर्न मद्दत पुऱ्याउनु
- साहित्यिक कृति आस्वादनका लागि रुचि निर्माण गर्ने उद्देश्यबाट पनि पठनबोध शिक्षण उपयोग हुने,
- लिखित सामग्रीबाट मुख्य मुख्य कुराहरू बुझ्ने गरी पढ्न,

## २.२.४ पठनबोध शिक्षणका कार्यकलापहरू

पठनबोध शिक्षण कार्यकलापहरूलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छ :

- पनठबोधको अभ्यासका लागि प्रयोग गरिने पाठ्यसामग्री निर्धारित पाठ्यपुस्तकको उद्देश्य भए सोही पाठ्यपुस्तकबाट र नभएर उक्त सामग्री पाठपत्रका उपमा वा श्यामपाटीमा लेखी सार्न लगाएर वा मुखैले भनी टिप्न लगाएर विद्यार्थीहरूलाई उपलब्ध गराउने,
- विद्यार्थीहरूलाई उक्त उद्धरण सरसर्ती पढ्न लगाई शब्दार्थसम्बन्धी कुनै कठिनाई भए त्यसको समाधान दिने
- प्रश्नोत्तर गर्ने/गराउने
- सार ग्रहण गर्न लगाउने
- घटनाको अनुमान गर्न लगाउने,
- प्रयोग प्रसङ्गको व्याख्या गराउने,
- छलफल गराउने
- भाव ग्रहण गर्न मौनपठन गर्न लगाउने,
- पठित अनुच्छेद वा सङ्कथनको समीक्षा गर्न लगाउने आदि रहेका छन् पौडेल ( २०७०: ७४) ।

### २.२.५ पठनबोधका तहहरू

पठनबोध शिक्षणको मूलभूत उद्देश्य भनेकै विद्यार्थीहरूलाई पढेका कुरा बुझ्न सक्ने तुल्याउनु हो । यसका निम्ति पढाइमा एकाग्रता र नियमितताको खाँजो पर्दछ (पौडेल, २०६४: २०४) । पठनबोध शिक्षण श्रुतिबोध शिक्षण गरे जस्तो सरल, सहज र स्वभाविक ढङ्गको नभई केही कृतिम वा जटिल प्रकृतिको हुन्छ । पठन बोधलाई (शर्मा र पौडेल; २०६०: ०८) ले चार तहमा वर्गीकरण गरी उल्लेख गरेको पाइन्छ :

#### २.२.५.१ अभिधात्मक तह

पठनबोधको प्रथम चरणका रूपमा अभिधात्मक तहलाई लिइन्छ । यसमा बोद्धाले प्रस्तुत सन्दर्भ अभिव्यक्त शब्द, वाक्य र विचारको शाब्दिक अर्थ मात्र खोज्छ ।

#### २.२.५.२ व्याख्यात्मक तह

व्याकरणात्मक बोधका लेखकले सिधा नभनेको तर त्यसमा अन्तर्निहित विचारहरूको अनुमान गरिन्छ ।

#### २.२.५.३ समीक्षात्मक तह

यस तहमा पहिला सामग्रीको सत्यता र उपयुक्ततालाई केलाएर हेर्न वा समीक्षा गर्ने गरिन्छ ।

#### २.२.५.४ सिर्जनात्मक तह

यस तहमा बोद्धाले भाषामा अन्तर्निहित अभिप्रायलाई आफ्नो जीवनका विविध सन्दर्भमा प्रयोग गर्न सामर्थ्य समेत हासिल गर्दछ ।

### २.२.६ पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू

भाषिक सिपअन्तर्गत पर्ने एक महत्त्वपूर्ण पक्ष पठनबोध हो । कुनै खास तह र कक्षाका सम्पूर्ण विद्यार्थीहरूमा समान गतिमा पठनबोध क्षमताको विकास भएको हुँदैन र पाउन पनि सकिँदैन । यसो हुनुको पछाडि विभिन्न कारणहरू रहेको हुन्छन् । तिनलाई यहाँ पठनबोधको प्रभावका तत्त्वका रूपमा निम्नअनुसार चर्चा गरिएको छ :

### २.२.६.१ पाठ्य सामग्रीको छनोट

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने विभिन्न तत्त्वहरूमध्ये पाठ्य सामग्रीको छनोटलाई लिन सकिन्छ । यस किसिमको पठनबोध क्षमता जाँच्नका लागि दृष्टांश र अदृष्टांश पाठ्य सामग्रीको छनोट गर्न सकिन्छ । पाठ्य सामग्रीको छनोट गर्दा विद्यार्थीको रुचि, चाहना, आवश्यकता, स्तर वा क्षमताअनुकुल हुनु पर्दछ । अन्यथा विद्यार्थीहरूको क्षमताको उचित विकास हुने सक्दैन । दृष्टांश पाठ्यसामग्रीको अन्तर्गत खास तह वा कक्षाको लागि पाठ्यक्रमद्वारा निर्देशित पाठ्यपुस्तकको खास पाठ्य सामग्री छनोट गरिन्छ । अदृष्टांश पाठ्य सामग्रीअन्तर्गत विभिन्न पत्रपत्रिका, लेखरचना विज्ञापन, समाचारपत्र अन्य पुस्तकहरू आदिद्वारा छनोट गरिन्छ ।

### २.२.६.२ वातावरण

वातावरणलाई पनि पठनबोध क्षमतामा प्रभाव पार्ने प्रमुख तत्त्वका रूपमा लिइन्छ । घर, परिवार, छरछिमेक र समाजका विभिन्न क्षेत्रमा बोलिने भाषाको प्रभाव विधार्थीहरूमा परिरहन्छ । विद्यार्थीहरूले शान्त, खुला, एवम् सहज र रहन्छ वातावरणमा रहेर जति बढी मात्रामा पढेका कुरा सम्झन सक्छन् । त्यति कोलाहल तनावपूर्ण एवम् सङ्कुचित वातावरणमा सक्दैनन् । पठनबोध क्षमताको महत्त्वपूर्ण तरिका मौन पठन भएकाले पनि शान्त वातावरणको आवश्यकता पर्दछ । यसर्थ पठनबोध क्षमता विकासमा वातावरणले प्रभाव पार्ने भएकाले जसलाई प्रभावकारी तत्त्वका रूपमा लिन सकिन्छ ।

### २.२.६.३ उत्प्रेरणा

पठनबोध क्षमता विकासमा गर्ने अर्को महत्त्वपूर्ण तत्त्व उत्प्रेरणा पनि हो । यसअन्तर्गत दण्ड, सजाय, पुरस्कार, धन्यवाद आदि पर्दछन् । पठनबोध उत्प्रेरण विनाका कार्य अर्थहीन हुन जान्छ । क्षमता विकासको लागि दण्ड, पुरस्कार र सबलीकृत कार्यको माध्यमबाट विद्यार्थीहरूमा उत्प्रेरणा अभिवृद्धि गर्न प्रक्रिया अपनाउनु पर्दछ । सिकारु सिकाइप्रति प्रेरित भएर सिकेको कुरा र प्रेरित नभई सिकेका कुरा बिच अन्तर हुन्छ । जसले पठनबोध क्षमता विकास लागि उत्प्रेरणालाई पनि महत्त्वपूर्ण स्थान दिएको छ (अधिकारी, २०६९ : १५३) ।

#### २.२.६.४ अभिरुचि

पठनबोधको विकासमा विद्यार्थीको अभिरुचिको महत्त्वपूर्ण स्थान हुन्छ । विद्यार्थी एवम् आफैले उत्सुक भएर बोध गर्न र जबर्जस्ती पढ्न लगाई बोध गराउनमा धेरै फरक हुन्छ । विद्यार्थीको अभिरुचि अनुसार नै विद्यार्थीहरूको पठनबोध क्षमता निर्धारण हुन्छ ।

#### २.२.६.५ अभ्यास

विद्यार्थीको पठनबोध क्षमतामा प्रभाव पार्ने प्रमुख तत्त्व अभ्यास पनि हो । पठनबोध एक सिप हो । सिपलाई जति बढी अभ्यास गऱ्यो त्यति नै परिष्कृत र परिमार्जित हुँदै जान्छ । अभ्यास जति कम गर्दै गऱ्यो त्यति नै पठन बोध क्षमता पनि कमजोर हुँदै पार्दै गऱ्यो त्यति नै पढेका कुरा बुझ्न क्षमता पनि बलियो क्षमतामा पाठ्यपुस्तक साहित्यिक लेख, रचना, पत्रपत्रिका र अन्य सन्दर्भ सामग्रीहरू निरन्तर अभ्यास गराउँदै लैजान सक्यो भने त्यति नै बढी मात्रामा उनीहरूमा पढाइप्रति, अभिरुचि बढ्दै जान्छ । अतः पठनबोध क्षमताको विकासमा विद्यार्थीहरूलाई अभ्यास गर्ने बानीको विकास गर्न आवश्यक देखिन्छ (अधिकारी, २०६९ : १६८) ।

#### २.२.६.६ विद्यार्थीहरूको शारीरिक, मानसिक अवस्था

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने तत्त्वका रूपमा विद्यार्थीको अवस्थालाई पनि लिने गरिन्छ । विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्थाको पनि पठनबोध क्षमताको विकासमा प्रभाव पार्दछ । कुनै पनि पाठ्य सामग्री पढेर यसभित्रको मूलल कुरा तथा सार ग्रहण गर्न शारीरिक, मानसिक एवम् संवेगात्मक रूपमा स्वस्थ्य विद्यार्थीले जति बढी मात्रामा सक्छ, त्यति असल तथा मानसिक सन्तुलन कमजोर भएका विद्यार्थीबाट सम्भव हुँदैन त्यसैले विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्थालाई पठनबोधमा प्रभाव पार्ने तत्त्वको रूपमा लिइन्छ ।

### २.२.७ पठनबोधको महत्त्व

लिपिबद्ध, भाषिक सामग्रीलाई आँखाले हेरेर ज्ञान, भण्डार ग्रहण गर्ने महत्त्वपूर्ण उपाय नै पठनबोध हो । ज्ञान विकास गर्ने प्रभावकारी उपाय पनि पढाइ नै हो । यसबाट विचार वा भाषा/आशय पक्रेर प्रतिक्रिया व्यक्त गर्न सक्ने क्षमताको विकास हुन्छ । जबसम्म विद्यार्थीहरूको लिखित सामग्रीहरूलाई पर्दछ बुझ्न सक्ने क्षमताको विकास हुन सक्दैन । तब

सम्म विविध क्षेत्रमा भएका नयाँ नयाँ आविष्कार तथा विकासहरूले अगाडि बढ्ने मौका पाउँदैन (शर्मा, २०६०: १०८) । पठनबोध विनाको पढाई अर्थहीन हुन जान्छ । यसले ज्ञान विज्ञानका र प्रविधिसम्बन्धी साथै अन्य सूचनाहरूबाट बञ्चित हुनुबाट बँच्न पनि पठनबोधको महत्त्व अझ बढी मात्रामा रहेको देखिन्छ ।

समग्रमा भन्नुपर्दा पठनबोध क्षमताको विकासले अन्य विविध सिप र क्षमताको विकासमा समेत ठूलो मद्दत पुऱ्याउँदछ । ज्ञान, विज्ञान तथा व्यावसायिक क्षेत्रसँग सम्बन्ध भाषा पद, पदावली, वाक्य रचना र अभिव्यक्तिगत विशेषताहरूसँग परिचित भई तिनको सूक्ष्मताको बोध गर्ने क्षमताको विकासका लागि पठनबोधको महत्त्व रहेको छ । पठनबोधले विद्यार्थीहरूमा शब्दभण्डाको विकासका साथै भाषाका अन्य सिपहरू सुनाइ बोलाइ, लेखाइ, पढाइ, जस्ता क्षमताको विकासमा पनि सहयोग पुऱ्याउने गर्दछ । विद्यार्थीको शैक्षिक विकास मात्र नभएर हरेक क्षेत्रको किवासमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

### २.२.८ पठनबोधका चरणहरू

पठनबोधका चरणहरू दुई किसिमका बाँड्न सकिन्छ । ती हुन प्रारम्भिक चरण र उत्तरवर्ती चरण (अधिकारी, २०६७: ७७) । प्रारम्भिक चरणमा विद्यार्थीहरू सस्वरवाचनद्वारा पठनबोध क्षमताको विकास गर्न उत्सुक रहेको पाइन्छ भने उत्तरवर्ती चरणमा मौन पठनद्वारा पठनबोध क्षमताको विकासमा अग्रसर रहेको पाइन्छ ।

#### २.२.८.१ पहिचान

पठनबोधको प्रथम चरणका रूपमा पहिचानलाई लिन सकिन्छ । यसलाई प्रारम्भिक चरण भनिएको छ । यस चरणमा विद्यार्थीहरूले शब्दलाई पनि अक्षर अक्षरमा छुट्याएर पढ्ने गर्दछन् । सबै वर्ण र शब्द पहिचान गर्न नसक्दा बिच-बिचमा अडिने गर्दछन् । ती शब्दलाई सामग्रमा नभई फरक फरक रूपमा पहिचान गर्न प्रयास गर्छन् ।

#### २.२.८.२ सङ्गठन

सङ्गठनलाई पहिचान पछिको दोस्रो चरणका उपमा लिइन्छ । पठनबोध क्षमताको विकासका दृष्टिले पहिचानभन्दा विकसित चरणका रूपमा यस चरणलाई लिइएको छ । यस अवस्थामा आइपुग्दा विद्यार्थीहरू अक्षर र शब्दका साथै वाक्यमा प्रयोग भएका शब्दहरूको अन्तरसम्बन्ध पनि बुझ्न सक्ने हुन्छन् । उनीहरू पढ्दा आवश्यक हुने गति, यति, नियमलाई

खोजी गरी सोहीअनुसार पढ्न थाल्दछन् र सामान्य खालका त्रुटिहरूलाई सच्चाएर पढ्ने प्रयास गर्ने गर्दछन् ।

### २.२.८.३ अर्थानुसन्धान

यो पठनबोध क्षमताको सबैभन्दा अन्तिम र विकसित चरण नै अर्थानुसन्धानको चरण हो । विद्यार्थीहरूको पहिचान र सङ्गठन गर्ने क्षमताको विकासबाट नै अर्थानुसन्धान गर्ने क्षमता प्राप्त हुन्छ र अभ्यास र अनुसन्धानको राखिएका प्रौढ पाठकहरू यस चरणमा प्रवेश गर्न सक्षम हुन्छ । यस चरणमा बौद्धिक एवम् जटिल भाषिक सामग्रीलाई पनि गति, यति, लय मिलाएर सस्वरवाचन र मौन वाचन गरी विषयवस्तुको मुल आशय वा अभिप्रायलाई बुझ्न सक्षम हुन्छन् ।

कुनै लिखित वा मौखिक अभिव्यक्तिलाई सुनेर वा पढेर त्यसको मूल आशय पत्ता लगाउने कार्य नै बोध हो । भाषिक सन्दर्भमा बोधको अर्थ सुनेका र पढेका सामग्रीको अर्थ बुझाइ भए पनि व्यापक उपमा कुनै पनि मौखिक, लिखित, दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु हो । वक्ताले प्रकट गरेका आफ्ना मौखिक वा लिखित विचारलाई सुनेर वा पढेर बोध गर्ने हुँदा सुनेर बोध गर्नुलाई श्रुतिबोध र पढेर बोध गर्नुलाई पठनबोध भनिन्छ । यस अध्ययनमा बोध शब्द पठनबोधसँग सम्बन्धित भएकाले निष्कर्षमा के भन्न सकिन्छ भने लिपिबद्ध रूपमा उतारिएका भाषिक सामग्रीलाई आँखा र दिमागको माध्यमबाट गम्भीर उपमा अध्ययन गरी त्यसको मूलमर्म भाव ग्रहण गर्न सक्ने क्षमतालाई बोध भनिन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

कुनै पनि अध्ययन विधि विना शोधकार्यले पूर्णता नपाउने हुँदा अनुसन्धान कार्यको लागि अध्ययन विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रस्तुत अध्ययन कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतासँग सम्बन्धित भएकोले विद्यार्थीहरूलाई नै केन्द्रविन्दु मानेर अन्तिम निष्कर्षमा पुगिने छ । यस कार्यका लागि विद्यार्थीहरूलाई नै केन्द्रविन्दु मानी सर्वेक्षण विधिलाई आधार बनाई अध्ययन अगाडि बढाउने छ । अध्ययनका सिलसिलामा अवलम्बन गरिने विधि एवम् प्रक्रियाको रूपरेखा तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### ३.१.१ जनसङ्ख्या छनोट

प्रस्तुत अध्ययनलाई छोटो रूपमा पूर्णता दिने उद्देश्य राखी कञ्चनपुर जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.१.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अनुसन्धान कार्यलाई भरपर्दो र विश्वसनीय बनाउनका लागि प्रतिनिधि नमुना छनोटका क्रममा उपयुक्त जनसङ्ख्यालाई नै उपयोग गरिएको छ । यसका लागि कञ्चनपुरका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०/१० जना गरी १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रा रहेका छन् ।

### ३.१.३ सामग्री निर्माण

कुनै पनि शोधकार्य अगाडि बढाउनका लागि सर्वप्रथम त्यस अध्ययनसँग सम्बन्धित सामग्री निर्माण गरिनुपर्दछ । यस्ता सामग्रीहरू प्राथमिक र द्वितीय गरी दुई प्रकारका हुन्छन् । यस अध्ययन विधि पठनबोधसँग सम्बन्धित भएकाले विशेष गरी प्राथमिक स्रोत सामग्रीको निर्माण गरी उपयोगमा ल्याइएको छ । यस अध्ययनका लागि दृष्टांश दुईवटा र अदृष्टांश अरू नै स्रोतबाट दुईवटा गरी जम्मा चारवटा गद्यांश छनोट गरिएको छ । दृष्टांश र अदृष्टांश प्रश्नहरुको उत्तरपुस्तिका जाँचका प्रश्नहरुका लागि निम्न आधारहरु तयार गरियो :

विषयवस्तु : २ अङ्क

प्रस्तुतीकरण : १ अङ्क

भाषिक शुद्धता : १ अङ्क

भाषाशैली : १ अङ्क

जम्मा : ५ अङ्क

प्रस्तुत अध्ययनमा प्रयोग गरिने सामग्री निर्माणका क्रममा दृष्टांश र अदृष्टांश गरी दुई किसिमका गद्यांश छनोट गरियो । जसमा ५०/५० पूर्णाङ्कका दुईवटा गद्यांशमा दृष्टांश गद्यांशअन्तर्गत कक्षा पाँचको नेपाली किताबमा रहेको कुनै पाठको अनुच्छेद लिएर उत्तरात्मक प्रश्नहरु (२५), बहुवैकल्पिक प्रश्नहरु (५), ठीक बेठीक प्रश्नहरु (५), वाक्यमा प्रयोग गर्ने प्रश्नहरु (५) खाली ठाउँ भर्ने प्रश्नहरु (५) र जोडा मिलाउने प्रश्नहरु (५) राखिएको छ । अदृष्टांश गद्यांशअन्तर्गत विभिन्न स्रोतबाट अनुच्छेद लिएर तिनमा आधारित सङ्क्षिप्त प्रश्नहरु (२५), बहुवैकल्पिक प्रश्नहरु (५), ठीकबेठीक प्रश्नहरु (५), वाक्यमा प्रयोग गर्ने प्रश्नहरु (५) र जोडा मिलाउने प्रश्नहरु (५) राखिएको छ । विद्यार्थीहरुले दिएका उत्तर पुस्तिकाबाट निकालिएको प्राप्ताङ्क नै शोधको तथ्याङ्क रहेको छ ।

### ३.१.४ तथ्याङ्क सङ्कलन

यस अनुसन्धानमा निम्नलिखित स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

#### (क) प्राथमिक स्रोत

अनुसन्धानकर्ताले पहिलो पटक सङ्कलन र प्रयोग गरिएको तथ्याङ्क प्राथमिक स्रोतअन्तर्गत पर्दछन् । यस्ता स्रोतहरूले अध्ययनलाई विश्वसनीय र वैध बनाउँछन् । यस अध्ययनमा नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूलाई दृष्टांश र अदृष्टांश गद्यांशबाट दिएका प्रश्नहरू र तिनका उत्तरहरूलाई प्राथमिक स्रोतअन्तर्गत राखिएको छ ।

#### (ख) द्वितीयक स्रोत

अनुसन्धानको सिलसिलामा पूर्व प्रकाशित तथा सङ्कलित तथ्याङ्कहरूलाई द्वितीयक स्रोत भनिन्छ । यस अध्ययनमा सम्बन्धित विषय क्षेत्रका पुस्तकहरू, शोधपत्रहरू, सन्दर्भ पुस्तकहरू विभिन्न विज्ञहरूको सल्लाह र सुझाव, पत्रपत्रिका आदिबाट प्राप्त तथ्याङ्कलाई द्वितीयक स्रोत मानिएको छ ।

### ३.१.५ तथ्याङ्कको व्याख्या विश्लेषण

अनुसन्धानमा उल्लेख गरिएका विधि तथा प्रक्रिया अवलम्बन गर्दै विद्यार्थीबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । विद्यार्थीको प्राप्ताङ्कलाई मध्यमान र प्रतिशतका आधारमा व्याख्या विश्लेषण गरिएको छ। यस अध्ययनमा कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको पहिचान गर्ने उद्देश्य राखी लिङ्गका आधारमा छात्रछात्रा, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई समग्रमा र अलग अलग गरी व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा उच्च स्तरमा र न्युन स्तरमा पर्ने विद्यार्थीहरूलाई औषत मानसँग दाँजेर हेरी त्यही आधारमा विश्लेषण गरिएको छ र माथि उल्लेख विभिभन्न आधारमा पठनबोधको अध्ययन गर्दा निम्नानुसारको सूत्र अपनाइएको छ ।

मध्यमान ( $\overline{X}) = \frac{\Sigma X}{N}$

$\overline{x}$ = औसत प्राप्ताङ्क

$\Sigma X$ = कुल प्राप्ताङ्कको योग

N = नमुना विद्यार्थीको सङ्ख्या

# अध्याय चार

## समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण

समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण प्रस्तुत अध्यायमा जनसङ्ख्या छनोटमा परेका कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिकाका कक्षा पाँचमा अध्ययन समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको व्याख्या तथा विश्लेषणमा केन्द्रित छ । यस शोध अध्ययनका लागि छनोटमा परेका संस्थागत र सामुदायिक विद्यालयका ५०/५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति, दृष्टांश पठनबोध क्षमताको स्थिति, अदृष्टांश पठनबोध क्षमताको स्थिति तथा समग्र प्रतिशत गणना, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषण तरिकालाई अपनाई व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनको विश्लेषणका क्रममा तुलनात्मक अध्ययन समेत गरिएको छ । तथ्याङ्कको अध्ययन विश्लेषणलाई विभिन्न उपशीर्षकहरू अन्तर्गत उल्लेख गरिएको छ ।

### ४.१ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका १०० जना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

#### ४.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ४.१

**समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-५९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८०-१०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ११ | ११ | १३ | १३ | ४० | ४० | ३६ | ३६ |


स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

प्रस्तुत तालिकाअनुसार समग्र पठनबोध क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्या आधारमा जम्मा चार श्रेणी निर्धारण गरिएको छ। जसअनुसार कुल सङ्ख्या १०० मध्ये १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ११ जना र प्रतिशत ११ रहेको छ । ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत १३ रहेको पाइन्छ । ६०-७९ प्रतिशत पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४० र प्रतिशत ४० रहेको देखिन्छ । त्यस्तै ८०-१०० प्रतिशत पठनबोध क्षमता भएका विद्यार्थीरुको सङ्ख्या ३६ र प्रतिशत ३६ रहेको छ।

प्रस्तुत तालिकाअनुसार न्युनतम श्रेणीको उपमा मापन गरिएको ३९ प्रतिशतभन्दा कम पठनबोध क्षमता भएका विद्यार्थीहरूको ११ प्रतिशत र माथिल्लो श्रेणी उत्तममा मापन गरिएको विद्यार्थीहरूको पठनबोध क्षमता ३६ प्रतिशत रहेको मध्यम श्रेणीको रूपमा १३ प्रतिशत र ४० प्रतिशत पठनबोध क्षमता देखिनुले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता राम्रो रहेको मान्न सकिन्छ।

स्तम्भ चित्र नं. ४.१

समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति




उपर्युक्त रेखा चित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरूका ११ प्रतिशत ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १३ प्रतिशत, ६०७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरूको ३६ प्रतिशत देखिन्छ । यसरी हेर्दा निम्न र मध्यस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या न्युन अर्थात् उच्च र अति उच्च अङ्क प्रप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या अत्यधिक देखिएकाले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

नमुना छनोटमा लिइएका सम्पूर्ण विद्यार्थीहरूको प्राप्ताङ्कका आधारमा मध्यमान र मानक विचलन निकालिएको छ, जसमा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल रहेको विद्यार्थीहरूको सङ्ख्या र प्रतिशतलाई निम्नानुसार तालिका देखाइएको छ :

तालिका नं. ४.२

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६८.८६ | १८.४१ | ३१ | ३१ | ६९ | ६९ |


स्रोत स्थलगत सर्वेक्षण, २०७५ ।

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा समेटिएको १०० विद्यार्थीहरूको समग्र मध्यमान ६८.८६ रहेको देखिन्छ । भने मानक विचलन १८.४१ रहेको छ । समग्र मध्यमानलाई आधार मानी मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि दुई समूहका वर्गीकरण गर्दा ३१ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल पठनबोध क्षमता भएका र ६९ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि पठनबोध क्षमता रहेको देखिन्छ ।

मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्याभन्दा मध्यमानभन्दा वढी अङ्क प्राप्त गर्ने विद्याथीहरूको सङ्ख्या ३८ (३८ प्रतिशत) ले बढी देखिएको विद्यार्थीहरूको समग्र पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

वृत्तचित्रसङ्ख्या - ४.१

समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशत वृत्तचित्र




### ४.१.३ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

#### ४.१.३.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

कञ्चनपुर जिल्लाका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको प्रतिशतका आधारमा दृष्टांश पठनबोध क्षमताका आधारमा पनि विश्लेषण गर्नु आवश्यक छ । अत : यहाँ दृष्टांश पठनबोध क्षमताको स्थिति र त्यससम्बन्धी तथ्याङ्क तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

तालिका नं. ४.३

समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८०-१०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ८ | ८ | १३ | १३ | ४१ | ४१ | ३८ | ३८ |


स्रोत: स्थलगत सर्वेक्षण, २०७५ ।

प्रस्तुत तालिकामा समग्र विद्यार्थीहरूको दृष्टांश पठानबोध क्षमताको अध्ययनको लागि चार श्रेणी निर्धारण गरी विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता देखाइएको छ । नमुना छनोटमा समेटिएका कूल विद्यार्थी १०० जनामध्ये १ देखि ३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ जना र प्रतिशत ६ रहेको छ भने ४० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ र प्रतिशत ४१ रहेको छ भने ८० देखि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ३८ र प्रतिशत ३८ रहेको छ ।

यस तथ्याङ्कको आधारमा निम्नस्तर अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (८ प्रतिशत) र मध्यस्तर अङ्क प्राप्त गर्ने विद्यार्थीहरू सङ्ख्या १३ (१३ प्रतिशत) रहेको छ । त्यसैगरी उच्चस्तर अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४१ (४१ प्रतिशत) रहेको छ भने अति उच्चस्तरको अङ्क प्राप्त गर्नेको सङ्ख्या ३८ (३८ प्रतिशत) रहेको छ । यसरी हेर्दा निम्नस्तर र मध्यस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ देखिनुका साथै उच्च र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ७९ देखिनुले समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

**स्तम्भ चित्र नं. ४.२**

**दृष्टांश पठनबोध क्षमतको स्थिति**



उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ८ प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १३ प्रतिशत, ६०-७९ प्रतिशतसम्म पठनोध क्षमता भएका विद्यार्थीहरू ४१ प्रतिशत यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरूको ३८ प्रतिशत देखिन्छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या न्यून अर्थात् उच्च र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या, बढी देखिएकाले समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

### ४.१.३.२ मध्यमानका र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

दृष्टांश विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका नं. ४.४

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३५.३३ | ८.१७ | ३४ | ३४ | ६६ | ६६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।


प्रस्तुत तालिकाअनुसार दृष्टांश प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको समग्र पठनबोध क्षमताको प्राप्ताङ्कको समग्र मध्यमान ३५.३३ र मानक विचलन ८.१७ मसग्र मध्यमानलाई आधार मान्दा उक्त मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने

विद्यार्थीहरूको सङ्ख्या ३४ (३४ प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६६ (६६ प्रतिशत) रहेको पाइन्छ ।

मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३२ र प्रतिशत ३२ को फरक देखिएकाले दृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइन्छ । त्यसैगरी मानक विचलन ८.१७ देखिनुले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको छ ।

**वृत्तचित्र सङ्ख्या ४.२**

**दृष्टांश विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र**




### ४.१.४ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

#### ४.१.४.१ प्रतिशतको आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

कञ्चनपुर जिल्ला कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको आधारमा पनि विश्लेषण गर्न आवश्यक छ । यस क्रममा अदृष्टांश पठनबोध क्षमताको स्थिति र त्यस सम्बन्धित तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ ।

### तालिका नं ४.५

### समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको तथ्याङ्क

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० - १०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १६ | १६ | ११ | ११ | २९ | २९ | ४४ | ४४ |


स्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।

प्रस्तुत तालिकाअनुसार अदृष्टांश पठनबोध क्षमताका लागि नमुनाको रूपमा छनोटमा परेका विद्यार्थीहरूको सङ्ख्या १०० जनामध्ये १ देखि ३९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १६ (१६ प्रतिशत) रहेको छ भने ४० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ (११ प्रतिशत) रहेको छ । त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २९ २९ (प्रतिशत) रहेको छ । ८० देखि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४४ जना र प्रतिशत पनि ४४ रहेको छ ।

यसरी तालिकाअनुसार हेर्दा निम्न स्तरको श्रेणीको रूपमा १-३९ प्रतिशतभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरू १६ प्रतिशत रहनु तथा मध्यम स्तरको श्रेणीको रूपमा ४० -५९ प्रतिशतसम्मको विद्यार्थीहरू ११ प्रतिशत उच्च स्तरको श्रेणीको रूपमा ६०-६९ प्रतिशतसम्मको विद्यार्थीहरूको पठनबोध क्षमता २९ प्रतिशत रहनुले र अति उच्च स्तरको श्रेणीको रूपमा ८०-१०० प्रतिशतसम्म अदृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूको प्रतिशत ४४ रहनुले अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

स्तम्भचित्र नं. ४.३

अदृष्टांश पठनबोध क्षमताको स्थिति




उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १६ प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ११ प्रतिशत ६०-७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू २९ प्रतिशत यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरूको ४४ प्रतिशत देखिन्छ । यसरी हेर्दा निम्न र मध्यसतरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या न्युन अर्थात् उच्च र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या बढी देखिएकाले समग्र अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

### ४.१.४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

अदृष्टांश विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका नं ४.६

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३३.६४ | १०.९० | ३३ | ३३ | ६७ | ६७ |


स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

प्रस्तुत तालिकाअनुसार अदृष्टांश प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान ३३.६४ रहेको देखिन्छ भने अदृष्टांश पठनबोध क्षमताको मानक विचलन १०.९० रहेको देखिन्छ । समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३३.६४ लाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरू सङ्ख्या ३३ जना र ३३ प्रतिशत र मध्यमानभन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६७ जना र ६७ प्रतिशत रहेको देखिन्छ ।

अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमानलाई आधार मानर हेर्दा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि प्रतिशत अन्तरलाई हेर्दा ३४ प्रतिशतको फरक देखिएको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी मानक विचलन १०.९० देखिनुले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा एकरूपता देखिदैन ।

वृत्तचित्र सङ्ख्या ४.३

अदृष्टांश विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशत वृत्तचित्र




## ४.१.५ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

तालिका नं. ४.७

समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

| कुल विद्यार्थी सङ्ख्या | दृष्टांश | | अदृष्टांश | |
|---|---|---|---|---|
| | समग्र मध्यमान | मानक विचलन | समग्र मध्यमान | मानक विचलन |
| १०० | ३५.३३ | ८.१७ | ३४.४१ | १०.९० |

प्रस्तुत तालिकामा समाविष्ट कुल विद्यार्थी सङ्ख्या १०० जनामध्ये समग्र दृष्टांश पठनबोध तर्फको मध्यमान ३५.३३ र समग्र अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३४.४१ रहेको देखिन्छ । यसरी दुवै मध्यमानलाई हेर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान बढी रहेको देखिन्छ । त्यसैगरी विद्यार्थीहरूमा अदृष्टांश पठनबोध क्षमताभन्दा दृष्टांश पठनबोध क्षमता केही मात्रामा उच्च रहेको पाइन्छ । उक्त तालिकामा उल्लेख गरिएअनुसार दृष्टांश मानक विचलन १०.९० रहेको पाइन्छ । मानक विचलनलाई हेर्दा विद्यार्थीहरूमा अदृष्टांश उद्धरणभन्दा दृष्टांश उद्धरण बढी विचलित रहेको देखिन्छ । त्यसैले विद्यार्थीहरूमा दृष्टांश,

पठनबोध क्षमता र अदृष्टांश पठनबोध क्षमतामा २.७३ तात्विक भिन्नता देखिन्छ । जसले अदृष्टांश पठनबोध क्षमताभन्दा दृष्टांश पठनबोध क्षमता राम्रो रहेको पुष्टि हुन्छ ।

### ४.१.६ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति

प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएका समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति तल तालिकामा देखाइएको छ :

तालिका नं. ४.८

**समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | | **विद्यालय प्रकृति** | | | | | |
| १०० | ६८.८६ | १८.४१ | सामुदायिक | ५० | २० | ४० | ३० | ६० |
| | | | संस्थागत | ५० | २० | ४० | ३० | ६० |
| | | | **लैङ्गिकता** | | | | | |
| | | | छात्र | ५० | १५ | २० | ३५ | ७० |
| | | | छात्रा | ५० | १४ | २८ | ३६ | ७२ |

प्रस्तुत तालिकाअनुसार समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति हेर्दा कुल १०० जना विद्यार्थीहरूको समग्र

मध्यमान ६८.८६ र समग्र मानक विचलन १८.४१ देखिन्छ । यसैलाई आधार मानी विभिन्न समूहको समूहगत पठनबोध क्षमताका निम्नानुसार विश्लेषण गरिएको छ :

विद्यालयको प्रकृतिको आधारमा प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गर्दा कुल १०० जना विद्यार्थीहरूको ५० जना सामुदायिक र ५० जना संस्थागत विद्यालयका विद्यार्थीरुका समावेश गरिएको छ । समग्र पठनबोध क्षमताको मध्यमान ६८.८६ लाई आधार मानी हेर्दा सामुदायिक विद्यालयका ४० प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा तल र ६० प्रतिशत विद्यार्थीहरूको पठनबोध मध्यमानभन्दा माथि रहेको देखिन्छ । बहुसङ्ख्यक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरूको पठनबोध क्षमता तल देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता, कमजोर रहेको देखियो । यस्तै समग्र मध्यमान ६८.८६ लाई आधार मानी हेर्दा संस्थागत विद्यालयतर्फ ४० प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा तल र ६० प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि रहेको देखियो । यसरी हेर्दा बहुसङ्ख्यक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमानभन्दा माथि रहनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

लैङ्गिक समूहका आधारमा ५० जना छात्र र ५० जना छात्रा समावेश गरिएको छ । समग्र मध्यमान ६८.८६ लाई आधार मानी हेर्दा छात्रहरूको ३० प्रतिशत मध्यमानभन्दा तल र ७० प्रतिशत मध्यमानभन्दा माथि रहेको देखिन्छ । यसरी हेर्दा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि ४० प्रतिशतको अन्तर रहेकाले छात्रहरूको पठनबोध क्षमता सन्तोषजक रहेको देखिन्छ । त्यसैगरी छात्रातर्फ समग्र मध्यमान ६८.८६ लाई आधार मानी हेर्दा समग्र मध्यमानभन्दा तल २८ प्रतिशत र ७२ प्रतिशत मध्यमानभन्दा माथि देखिन्छ । मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको ४२ प्रतिशतमा अन्तर तलको छात्रा विद्यार्थीरुको प्रतिशतभन्दा, मध्यमानभन्दा माथि छात्राहरूको प्रतिशत बढी भएकाले छात्राहरूको पठनबोध क्षमताको स्थिति राम्रो रहेको देखिन्छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा पठनबोध क्षमताको स्थिति

## ५.१ छात्रहरूको पठनबोध क्षमता

### ५.१.१ छात्रहरूको प्रतिशतका आधारमा पठनबोध क्षमता

विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका ५० जना विद्यार्थीलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र छात्रहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ ।

तालिका नं. ५.१

छात्रहरूको प्रतिशतका आधारमा पठनबोध क्षमता

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० - १०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | ८ | १६ | १८ | ३६ | १८ | ३६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।


प्रस्तुत तालिकाअनुसार छात्रहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका आधारमा जम्मा चार श्रेणीमा विभाजन गरिएको छ । विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ भने ४० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको पाइन्छ । त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ भने ८० देखि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा निम्न स्तर अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६ (१२ प्रतिशत) र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको त्यसैगरी उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ

भने अति उच्चस्तरको १८ (३६ प्रतिशत) रहेको छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या न्युन अर्थात् उच्च र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या अत्यधिक देखिएकाले छात्रहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

**स्तम्भ चित्र नं. ५.१**

**छात्रहरूको पठनबोध क्षमताको स्थिति**




उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १२ प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १६ प्रतिशत, ६०-७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत, यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत देखिन्छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या न्यून अर्थात् उच्च र अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या अत्यधिक बढी देखिएकाले छात्रहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

### ५.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको पठनबोध क्षमताको स्थिति

विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवरश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका नं. ५.२

**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको पठनबोध क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३३.६४ | १०.९० | ३३ | ३३ | ६७ | ६७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको मध्यमान ७६.८८ छ भने मानक विचलन १९.०० मात्र रहेको देखिन्छ । समग्र मध्यमानलाई आधारमान्दा उक्त मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १५ (३० प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३६ ( ६० प्रतिशत) रहेको पाइन्छ । मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्याभन्दा मध्यमान बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) ले बढी देखिन्छ । मानक विचलनका आधारमा छात्रहरूको प्राप्ताङ्कको विवरण एकरूपता नदेखिए तापनि मध्यमानभन्दा माथि पठनबोध क्षमताको प्रतिशत बढी देखिनुले पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

वृत्तचित्रसङ्ख्या ५.१

छात्रहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र




## ५.२ छात्राहरूको पठनबोध क्षमता

### ५.२.१ छात्राहरूको प्रतिशतका आधारमा पठनबोध क्षमता

विद्यार्थीहरू पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका ५० जना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या ५.३

छात्रहरूको पठनबोध क्षमताको स्थिति


| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० - १०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | ५ | १० | २२ | ४४ | १८ | ३६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत तालिकाअनुसार छात्राहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका आधारमा जम्मा चार श्रेणीमा विभाजन गरिएको छ। विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको छ भने ४० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको पाइन्छ। त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २२ (४४ प्रतिशत) रहेको छ। ८० प्रतिशतदेखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ। यस तथ्याङ्कलाई हेर्दा निम्नस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको छ। त्यसैगरी उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २२ (४४ प्रतिशत) रहेको छ भने अति उच्च स्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ। यसरी हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या र उच्च तथा अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या बढी देखिएकाले छात्राहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ।

**स्तम्भ चित्र नं. ५.२**

**छात्राहरूको पठनबोध क्षमताको स्थिति**



उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १० प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १० प्रतिशत, ६०-७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ४४ प्रतिशत, यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत देखिन्छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या र उच्च तथा अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या बढी देखिएकाले छात्राहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

### ५.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको पठनबोघ क्षमता

विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलन आधारमा पनि गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या - ५.४**

**मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६९.९४ | १७.९४ | १५. | ३० | ३५ | ७० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना समेटिएको ५० जना विद्यार्थीहरूको पठनबोध क्षमताको प्राप्ताङ्कको समग्र मध्यमान ६९.९४ रहेको छ भने मानक विचलन १७.९४ रहेको देखिन्छ । समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा तल १५ जना ४४ प्रतिशत र मध्यमानभन्दा माथि ३५ जना ७० प्रतिशत देखिन्छ । उक्त तालिकाअनुसार मध्यमानभन्दा तल र माथि अन्तर (४० प्रतिशत) देखिन्छ । मानक विचलनका आधारमा छात्राहरूको प्राप्ताङ्कको विवरणमा एकरूपता देखिएकाले मध्यमानभन्दा माथि पठनबोध क्षमताको प्रतिशत बढी देखिनुले छात्राहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।

वृत्तचित्र सङ्ख्या ५.२

छात्राहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र




### ५.२.३ छात्र तथा छात्राहरूको पठनबोध क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन विश्लेषण छात्र र छात्राहरूको आधारमा गरिएको छ। यहाँ छात्र र छात्राहरूको आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या ५.५

छात्र र छात्राहरूको पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० - १०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र ५० | ६ | १२ | ८ | १६ | १८ | ३६ | १८ | ३६ |
| छात्रा ५० | ५ | १० | ५ | १० | २२ | ४४ | १८ | ३६ |


स्रोतः स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत तालिकामा दिइअनुसार विद्यार्थीमध्ये १ देखि ३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ६ (१२ प्रतिशत) रहेको छ भने छात्राहरूको ५ (१० प्रतिशत) रहेको छ। त्यस्तै ४० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ८ (१६ प्रतिशत) छ भने छात्राहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको छ। त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको छ भने छात्राहरूको सङ्ख्या २२ (४४ प्रतिशत) छ। त्यसैगरी ८० देखि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १८ (३६ प्रतिशत) छ भने छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेको देखिन्छ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ६ (१२ प्रतिशत) छात्राहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहेको पाइएकाले छात्रहरूको पठनबोध क्षमताको तुलनामा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको छ। त्यस्तै मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्याथीृहरको सङ्ख्या ८ (१५ प्रतिशत) र छात्राहरूको सङ्ख्या ५ (१० प्रतिशत) रहनुले छात्राहरूको पठनबोध क्षमताको तुलनामा छात्राहरूको राम्रो रहेको देखिन्छ। त्यसैगरी उच्चस्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १८ (३६ प्रतिशत) र छात्राहरूको सङ्ख्या २२ (४४ प्रतिशत) रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको छ। यस क्षमता अति उच्चस्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १८ (३६ प्रतिशत) र छात्राहरूको सङ्ख्या १८ (३६ प्रतिशत) रहेकाले छात्र र छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ तर समग्रमा छात्रभन्दा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ।

स्तम्भ चित्र नं. ५.३

छात्र र छात्राहरूको पठनबोध क्षमताको तुलनात्मक स्थिति




उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका छात्रहरू १२ प्रतिशत र छात्राहरू १० प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका छात्रहरू ६ प्रतिशत र छात्राहरू १० प्रतिशत, ६०-७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका छात्रहरू ३६ प्रतिशत र छात्राहरू ४४ प्रतिशत, यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका छात्रहरू ३६ प्रतिशत र छात्राहरू ३६ प्रतिशत रहेकाले छात्र र छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ, तर समग्रमा छात्रभन्दा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.४.३ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको पठनबोध क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनरत विश्लेषण मध्यमान र मानक विश्लेषणका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

## तालिका सङ्ख्या - ५.६


### मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको पठनबोध क्षमताको तथ्याङ्क

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| छात्र | ५० | ६७.८८ | १९.०० |
| छात्रा | ५० | ६९.८४ | १७.९४ |

प्रस्तुत तालिकामा लैङ्गिकताका आधारमा छात्र र छात्रालाई दुई समूह बनाई ५०-५० जनाका दरले विभाजन गरिएको छ । जसमा १०० जना विद्यार्थीमध्ये ५० जना छात्र र ५० जना छात्रा सङ्ख्याका रूपमा रहेका छन् । छात्रहरूको मात्र मध्यमान ६७.८८ र मानक विचलन १९.०० रहेको देखिन्छ । त्यसैगरी छात्राहरूको मात्र मध्यमान ६९.८४ र मानक विचलन १७.९४ रहेको देखिन्छ । छात्र र छात्राहरूको पठनबोध क्षमताको तथ्याङ्क देखिएको मध्यमान र मानक विचलनलाई आधार मानेर हेर्दा छात्रभन्दा छात्राहरूको पठनबोध क्षमतामा १.९६ अङ्कले बढी पाइएकाले छात्रको तुलनामा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

## वृत्तचित्र सङ्ख्या ५.३

### छात्र र छात्राहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र



# अध्याय छ

# विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता

## ६.१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोधको स्थिति

समुदायद्वारा सञ्चालित कञ्चनपुर जिल्लाका बेलौरी नगरपालिकाका ५ वटा नमुना विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतको विश्लेषण यस उपशीर्षकअन्तर्गत गरिएको छ । यसका लागि उक्त विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतालाई प्रतिशताङ्क मध्यमान र मानक विचलनका आधारमा यसप्रकार विश्लेषण गरिएको छ :

### ६.१.१ प्रतिशताङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता

कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतालाई प्रतिशताङ्कका आधारमा निम्नलिखित तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका नं. ६.१

सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० - १०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | २० | ९ | १८ | २० | ४० | ११ | २२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७५ ।


प्रस्तुत तालिकाको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका आधारमा जम्मा ४ श्रेणीमा विभाजन गरिएको छ । यस तालिकाको तथ्याङ्कलाई अध्ययन गर्दा ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० जना र २० प्रतिशत रहेको पाइयो । ४० प्रतिशतभन्दा बढी रहेको पाइयो । ४० प्रतिशतभन्दा बढी अङ्क र ५९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ९ जना र १८ प्रतिशत रहेको देखिन्छ । ६० प्रतिशतभन्दा बढी र ८०

प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २० र प्रतिशत ४० रहेको पाइयो त्यसैगरी ८० भन्दा बढी र १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ११ र प्रतिशत २२ रहेको छ ।

प्रस्तुत तालिकामा निम्नस्तरको श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० अर्थात् २० प्रतिशत मात्र देखिएको छ । त्यसैगरी मध्यमस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ र १८ प्रतिशत रहेको छ त्यसैगरी उच्चस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० र ४४ प्रतिशत रहेको छ भने अति उच्चस्तरको प्रतिशतसम्मको प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ र २२ प्रतिशत रहेको छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको तुलनामा उच्च तथा अति उच्च प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या बढी देखिएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

**स्तम्भ चित्र नं. ६.१**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति**




उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका सामुदायिक विद्यार्थीहरू २० प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू १८

प्रतिशत, ६०-७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ४० प्रतिशत, यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू २२ प्रतिशत देखिन्छ । यसरी हेर्दा निम्न र मध्यमस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको तुलनामा उच्च तथा अति उच्च प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या बढी देखिएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

### ६.१.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता

सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या ६.२

मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६१.१२ | २०.७५ | २० | ४० | ३० | ६० |


स्रोत : स्थलगत सर्वेक्षण २०७५

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा समेटिएका ५० जना विद्यार्थीहरूको समग्र मध्यमान ६१.१२ छ भने मानक विचलन २०.७५ मात्र रहेको देखिन्छ । मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा तल २० जना अर्थात् ४० प्रतिशत र मध्यमानभन्दा माथि ३० जना अर्थात् ६० प्रतिशत देखिन्छ । उक्त तालिकाअनुसार मध्यमानभन्दा तल र माथि २० प्रतिशतले अन्तर देखिन्छ । मानक विचलनका आधारमा सामुदायिक विद्यार्थीहरूको प्राप्ताङ्कको विवरणमा एकरूपमा नेदखिए तापनि मध्यमानभन्दा

माथि पठनबोध क्षमताको प्रतिशत बढी देखिनुले पठनबोध क्षमता सन्तोषजक रहेको देखिन्छ ।

**वृत्तचित्र सङ्ख्या -६.१**

**सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र**




## ६.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता

कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका ५० जना विद्यार्थीहरूको आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण यस शीर्षकअन्तर्गत गरिएको छ । प्रतिशताङ्क मध्यमान र मानक विचलनका आधारमा उक्त विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण निम्नानुसार गरिएको छ :

### ६.२.१ प्रतिशताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतालाई प्रतिशतका आधारमा निम्नलिखित तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या- ६.३

संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० - १०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २ | ४ | ८ | २० | ४० | २५ | ५० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

प्रस्तुत तालिकाको तथ्याङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका आधारमा जम्मा ४ श्रेणीमा विभाजन गरिएको छ । विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्न प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गर्न क्रममा ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ जना र २ प्रतिशत रहेको पाइयो । ४० प्रतिशतभन्दा बढी र ५९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ४ जना र ८ प्रतिशत रहेको देखिन्छ । ६० प्रतिशतभन्दा बढी र ८० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या २० र प्रतिशत ४० रहेको देखिन्छ । त्यसैगरी ८० भन्दा बढी र १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ र प्रतिशत ५० रहेको छ ।

प्रस्तुत तालिकामा निम्नस्तर श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ अर्थात् २ प्रतिशत मात्र देखिएको छ । त्यसैगरी मध्यस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ र ८ प्रतिशत रहेको छ भने उच्चस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० र ४० प्रतिशत रहेको छ भने अति उच्च स्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ र १५ प्रतिशत रहेको छ । यसरी हेर्दा निम्नस्तर र मध्यमस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको तुलनामा उच्च तथा अति उच्चस्तरको प्रतिशतसम्म ल्याउने विद्यार्थीहरूको बढी देखिएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च र सन्तोषजनक रहेको देखिन्छ ।

स्तम्भ चित्र नं. ६.२

संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति




उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू २ प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ८ प्रतिशत, ६०-७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका ४० प्रतिशत, यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका विद्यार्थीहरू ५० प्रतिशत देखिन्छ । यसरी हेर्दा निम्नस्तर र मध्यमस्तरको प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरू तुलनामा उच्च तथा अति उच्चस्तरको प्रतिशतसम्म ल्याउने विद्यार्थीहरूको बढी देखिएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च र सन्तोषजनक रहेको देखिन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता

संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनगर्त विश्लेषण मध्यमान र मानक विचलनका आधारमा पनि गर्नु आवश्यक भएकाले यहाँ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या- ६.४**

**मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७७.०० | ११.६४ | २० | ४० | ३० | ६० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना विद्यार्थीहरूको पठनबोध क्षमताको प्राप्ताङ्कको समग्र मध्यमान ७७.०० रहेको छ भने मानक विचलन ११.६४ मात्र रहेको देखिन्छ । समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा तल २० जना अर्थात् ४० प्रतिशत र मध्यमानभन्दा माथि ३० जना अर्थात् ६० प्रतिशत देखिन्छ । उक्त तालिकाअनुसार मध्यमानभन्दा तल र माथि अन्तर २० प्रतिशत देखिन्त । मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको विवरणमा एकरूपता नदेखिए तापनि मध्यमान माथि पठनबोध क्षमताको प्रतिशत बढी देखिनुले पठनबोध क्षमता उच्च र सन्तोषजनक रहेको देखिन्छ ।

**वृत्तचित्र सङ्ख्या - ६.२**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र**



### ६.३.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन विश्लेषण सामुदायिक र संस्थागत विद्यालयका आधारमा गरिएको छ । यहाँ सामुदायिक र संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी अनुसार विश्लेषण गरिएको छ :

**तालिका सङ्ख्या- ६.५**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | १-३९ प्रतिशत | | ४०-४९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० - १०० प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक ५० | १० | २० | ९ | १८ | २० | ४० | ११ | २२ |
| संस्थागत ५० | १ | २ | ४ | ८ | २० | ४० | २५ | ५० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७५

प्रस्तुत तालिकामा दिइए अनुसारका विद्यार्थीहरूको १ देखि ३९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ । भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) रहेको छ । त्यस्तै ४० देखि ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ९ (१८ प्रतिशत) छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको छ । त्यसैगरी ६० देखि ७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालय विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २० ( ४० प्रतिशत) छ । त्यसैगरी ८० देखि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ११ (२२ प्रतिशत) छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कको अध्ययन गर्दा निम्नस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १ (२ प्रतिशत) रहेको पाइएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनामा संस्थागत विद्यलायका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको छ । त्यस्ते मध्यमस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहनुले सामुदायिक विद्यालय विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनामा संस्थागत पठनबोध क्षमताको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीरुको पठनबोध क्षमता राम्रो रहेको देखिदैन् । त्यसैगरी उच्चस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २० (४० प्रतिशत) रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरूको र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता समान रहेको छ । यस क्रममा अति उच्चस्तरको अङ्क प्राप्त गर्ने सामुदायिक विद्यलायका विद्यार्थीहरूको सङ्ख्या ११ (२२ प्रतिशत) र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ । समग्रमा भन्नुपर्दा सामुदायिक विद्यलायका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थींहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

**स्तम्भ चित्र नं.- ६.३**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक स्थिति**



उपर्युक्त रेखाचित्रअनुसार १-३९ प्रतिशतसम्म पठनबोध क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू २० प्रतिशत र संस्थागत विद्यार्थीहरू २ प्रतिशत, ४०-५९ प्रतिशतसम्म पठनबोध क्षमता भएका सामुदायिक विद्यार्थीहरू १८ प्रतिशत र संस्थागत विद्यार्थीहरू ८ प्रतिशत, ६०-७९ प्रतिशतसम्म पठनबोध क्षमता भएका सामुदायिक विद्यार्थीहरू ४० प्रतिशत र संस्थागत विद्यार्थीहरू ४० प्रतिशत यस्तै ८०-१०० प्रतिशतसम्म पठनबोध क्षमता भएका सामुदायिक विद्यार्थीहरू २ प्रतिशत र संस्थागत विद्यार्थीहरू ५० प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

### ६.२.४ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना

यस उपशीर्षकमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विलचनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विलचनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका ६.६

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलना**

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| सामुदायिक | ५० | ६१.१२ | २०.७५ |
| संस्थागत | ५० | ७७.०० | ११.६४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७५ ।


प्रस्तुत तालिकाअनुसार प्रतिनिध नमुना छनोटमा समेटिएका ५०/५० जना रहेकामा सामुदायिक तर्फको विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ६१.१२ र संस्थागत विद्यालयतर्फका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ७७.०० रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मानक विचलन २०.७५

र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मानक विचलन ११.६४ रहेको देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा १५.८८ अङ्कले बढी देखिन्छ भने सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कका देखिएको मानक विचलनलाई आधार मानेर हेर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतामा ९.११ अङ्कले बढी पाइएकाले सामुदायिक तुलनामा संस्थाष्त विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च र सन्तोषजनक रहेको देखिन्छ ।

**वृत्तचित्र सङ्ख्या - ६.३**

**सामुदायिक र संस्थातगत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान प्रतिशतको वृत्तचित्र**



# अध्याय – सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

कुनै पनि पाठकले लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई पढेर वा हेरेर त्यसबाट सार कुरा आत्मसात गर्न पढाइ हो । यस्ता लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई मस्तिष्कले सङ्गठन गरेर अर्थबोध गर्नुलाई पठनबोध भनिन्छ । लिखित सामग्रीमा लेखकले अभिव्यक्त गरेर अर्थ विभिन्न तत्वहरूलाई पाठकले एकसाथ आफ्ना मस्ष्किमा ग्रहण गर्न आवश्यक हुन्छ । दिन प्रतिदिन परिवर्तित भइरहेको ज्ञान, विज्ञान, भाषा, साहित्य क्रमको गति विधिसँग सम्बन्धित विचार मानिसले पठनबोधबाट नै हासिल गर्ने गर्दछ । बोध क्षमताकै कारण मानिस अरू प्राणीभन्दा श्रेष्ठ र उच्च बौद्धिक व्यक्तिको रूपमा स्थापित हुन सकेको छ । विश्व परिवेशमा निरन्तर भइरहेका ज्ञान, प्रविधि, घटनाक्रम लगायत विभिन्न क्रियाकलापहरूले मानिसको मस्तिष्कमा उत्सुकता जागृत गरेको हुन्छ । यस्ता कुराहरूप्रति मानिसले जति जानकारी राखेर बोध गर्न सक्छ त्यति, नै मानिस अगाडि बढ्न सक्षम हुन्छ । अतः अगाडि बढ्नका लागि पठनबोध क्षमताको विकास नभई नहुने हुँदा कुनै पनि लेख्य भाषिक संरचनाबाट कुनै पनि विषयवस्तुको अभिप्राय भाव, विचार, सार, कुरा पढेर बुझ्ने पठनबोध क्षमताको उचित विकास हुन आवश्यक रहेको देखिन्छ ।

कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतामा केन्द्रित छ । यस शोधकार्यलाई सात अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो रहेको छ भनी अध्ययन गर्नका लागि सम्पूर्ण विद्यालयको प्रतिनिधित्व हुने गरी ५ सामुदायिक र ५ संस्थागत नमुना विद्यालयहरूबाट ५०/५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूका समावेश गरी अध्ययन गरिएको छ । अध्ययनका क्रममा छनोट गरिएका विद्यार्थीहरूलाई विद्यालयको प्रकृति, लैङ्गिकता र समग्रका आधारमा विभाजन गरी विद्यार्थीलाई दृष्टांश र अदृष्टांशका आधारमा पठनबोध क्षमताको गद्यांश पढी उत्तर लेख्न लगाइएको छ । यस अध्ययनको प्राप्त परिमाणलाई विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा छुट्टाछुट्टै शीर्षक,

उपशीर्षकमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ । परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा प्रतिशत, मध्यमान र मानक विचलनको मान निकाली विभिन्न समूहका तुलना गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ७.२ निष्कर्ष

कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पत्ता लगाउने उद्देश्यले गरिएको यस अध्ययनमा पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनर विद्यार्थीहरूबिच परीक्षण गरी प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा निम्नानुसार निष्कर्ष निकालिएको छ :

- समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको विश्लेषण गर्दा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थीरुको सङ्ख्या ७६ देखिनुले समग्र विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।
- समग्र पठनबोध क्षमताका आधारमा विद्यार्थीको पठनबोध क्षमताको समग्र मध्यमान र मानक लिचलनका आधारमा हेर्दा मध्यमानभन्दा माथि ६९ प्रतिशत रहेकाले पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । समग्र मानक विचलन १८.४१ रहेको पाइनुले विद्यार्थीहरूको पठनबोध क्षमता तथा प्राप्ताङ्कमा भने एकरूपता पाइदैन ।
- समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतमा हेर्दा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने ७९ प्रतिशत रहेको देखिएकाले दृष्टांश पठनबोध क्षमता स्तर राम्रो रहेको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा हेर्दा मध्यमानभन्दा माथि ६६ प्रतिशत विद्यार्थी सङ्ख्या र मध्यमानभन्दा कम ३४ जना विद्यार्थीहरू दृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ भने मानक विचलन ८.१७ रहनुले प्राप्ताङ्कमा एकरूपता रहेको पाइन्छ ।

- समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतमा हेर्दा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने ७३ प्रतिशत रहेकाले विद्यार्थीरुको अदृष्टांश पठनबोध क्षमता राम्रो रहको पाइन्छ ।
- सग्रग विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा हेर्दा मध्यमानभन्दा माथि ६७ प्रतिशत सङ्ख्या र मध्यमानभन्दा कम ३३ प्रतिशत विद्यार्थीहरू देखिएकाले अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ भने मानक विचलन १०.९० रहनुले प्राप्ताङ्कमा एकरूपता रहेको पाइदैन् ।
- समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा दृष्टांश पठनबोध क्षमताको मध्यमान अदृष्टांश पठनबोध क्षमताको मध्यमानभन्दा ०.९२ ले बढी देखिनुले दृष्टांश पठनबोध क्षमता अदृष्टांश पठनबोध क्षमताभन्दा राम्रो रहेको देखिन्छ ।
- लैङ्गिकता आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्दा ६० भन्दा माथि अङ्क ल्याउने छात्रहरूको सङ्ख्या ३६ जना र ६० भन्दा तल अङ्क ल्याउने १४ जना रहेकाले छात्रहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।
- मध्यमानभन्दा तल १५ जना र मध्यमानभन्दा माथि ३५ जना रहेको पाइन्छ भने मानक विचालन १९.०० रहेको छ । यस आधारमा छात्रहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।
- छात्राहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्दा ६० भन्दा माथि अङ्क ल्याउने छात्राहरूको सङ्ख्या ४० जना र ६० भन्दा तल अङ्क ल्याउने १० जना रहेकाले छ । यस आधारमा छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ । मध्यमानभन्दा तल १५ जना र मध्यमानभन्दा माथि ३५ जना रहेको पाइन्छ भने मानक विचलन १७.९४ रहेको छ । यस आधारमा छात्राहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।
- छात्र र छात्राहरूको पठनबोध क्षमताको तुलनात्मक रूपमा विश्लेषण गर्दा ६० भन्दा माथि अङ्क ल्याउने छात्र तर्फ ३६ र छात्रा तर्फ ४० जना

विद्यार्थीहरूको सङ्ख्या रहेकाले छात्रहरूको तुलनामा छात्राहरूको पठनबोध क्षमता बढी सन्तोषजनक रहेको पाइन्छ ।

- विद्यालय प्रकृतिका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको न्युनतम प्राप्ताङ्क ३० र उच्चतम प्राप्ताङ्क ९० तथा मध्यमान ७७.०० रहेको छ । मध्यमानभन्दा तल २० जना र मध्यमानभन्दा माथि ३० जना रहेको पाइन्छ भने मानक विचलन ११.६४ रहेको छ । यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।
- विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको न्युनतम प्राप्ताङ्क १६ र उच्चतम प्राप्ताङ्क ८७ तथा मध्यमान ६१.१२ रहेको छ । मध्यमानभन्दा तल २० जना र मध्यमानभन्दा माथि ३० जना रहेको पाइन्छ भने मानक विचलन ११.६४ रहेको छ । यस आधारमा सामुदायिक विद्यार्थीहरूको पठनबोध क्षमता मध्यमान खालको रहेको देखिन्छ ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा सामुदायिक तर्फ ६० प्रतिशतभन्दा माथिको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३१ र संस्थागततर्फ ४५ जना विद्यार्थीहरूको सङ्ख्या रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्दा १५.८८ प्रतिशतले अन्तर भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको पाइन्छ भने विचलनका र संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विलचनका हेर्दा सामुदायिक विद्यालयको ९.११ प्रतिशतले बढी रहेकाले सामुदायिक भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

- विभिन्न समूहबिच छुट्टाछुट्टै मध्यमान र मानक विचलन निकाली समग्र मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गर्दा छात्रभन्दा छात्राहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ । समग्र मध्यमान ६८.८६ रहेकोमा छात्राहरूको समग्र मध्यमान ६७.८८ रहेको पाइनु र छात्र ६९.८४ रहेको पाइनुले उक्त कुरा प्रमाणित हुन्छ ।

- विभिन्न समूहबिच छुट्टाछुट्टै मध्यमान र मानक विचलन निकाली समग्र मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यलायका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिन्छ । समग्र मध्यमान ६८.८६ रहेकामा सामुदायिक मध्यमान ६१.१२१ रहेको पाइनु र संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमान ७७.०० रहेको पाइनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको कुरा प्रमाणित हुन्छ ।

## ७.३ उपयोगिता

कञ्चनपुर जिल्ला कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको यस अध्ययनको निम्नानुसारका शैक्षणिक र नीतिगत उपयोगिता रहेको निष्कर्ष निकालिएको छ ।

### ७.३.१ प्रयोगगत उपयोगिता

- पठनबोधको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन यसले सहयोग पुऱ्याउँछ ।
- अन्य भाषिक सिपहरूको विकासमा समेत यो उपयोगी रहेको छ ।
- शिक्षण सामग्रीको प्रयोग र निर्माण गर्ने कुरामा मार्ग निर्देशन प्राप्त गर्दछ ।
- विद्यार्थीहरूको भाषिक सिप मूल्याङ्कन गर्नका लागि प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण गर्ने प्रायोगिक कार्यमा यसले सहयोग पुऱ्याउँदछ ।
- विद्यालयमा भाषा शिक्षण अन्तर्गत नेपाली भाषा शिक्षणलाई पठनबोध शिक्षण कार्यकलापलाई महत्त्व दिनका लागि प्रोत्साहन गर्दछ ।

- शिक्षक र विद्यार्थीहरूलाई भाषाको सिकाइ शिक्षणका क्रममा पृष्ठपोषण प्रदान गरी शिक्षण गर्ने कुरामा सहयोग पुऱ्याउँदछ ।

### ७.३.२ नीतिगत उपयोगिता

- पठनबोध क्षमता आफैमा प्रयोगात्मक भएकाले यसको शिक्षण प्रक्रिया पनि प्रयोगात्मक बनाउन सहयोग पुग्ने देखिन्छ ।
- भाषाको शिक्षण गर्दा संज्ञानात्मक पत्रलाई भन्दा सिप पक्षलाई बढी जोड दिनुपर्ने कुरा प्रति सचेत गर्नमा मद्दत पुग्ने देखिन्छ ।
- विद्यार्थी सक्रिय विधिको प्रयोग गरी शिक्षण सिकाइलाई रोचक र प्रभावकारी बनाउन सहयोग गर्ने देखिन्छ ।
- अन्य मातृभाषी विद्यार्थीहरूका लागि नेपाली भाषा तथा पाठ्यपुस्तक, पाठ्यक्रमको निर्माण, परिष्कार र परिमार्जन गर्ने कार्यमा यसबाट सहयोग पुग्दछ ।
- विद्यालय तहको नेपाली विषयमा पठनबोधसम्बन्धी प्रश्न अनिवार्य गराउनु पर्ने कुरामा यसले पृष्ठपोषण प्रदान गर्दछ ।
- प्रस्तुत अध्ययनबाट भाषाशिक्षणका विधि तथा पद्धतिको खोजी गर्न सहयोग मिल्नेछ ।
- प्राथमिक तहको पाठ्यक्रमलाई सुधार गर्न
- पाठ्यक्रम विकास केन्द्रलाई सल्लाह प्रदान गर्न सहयोग पुग्ने देखिन्छ ।

## ७.४ पठनबोध क्षमता सुधारका लागि आवश्यक सुझावहरू

'कञ्चनपुर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा पठनबोध क्षता सुधारका लागि निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- भाषिक सिप विकासका लागि पठनबोध क्षमता अपरिहार्य भएकाले कुरालाई मध्यनजर गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणको रूपमा पठनबोध

सम्बन्धित क्रियाकलाप समावेश गरिनुका साथै शिक्षण्मा भिन्नता लगाउनु पर्ने देखिन्छ ।

- विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धि गर्नका निम्ति सबै तहका पाठ्यक्रमका पाठ्यपुस्तकहरू सम्बन्धित तहका विद्यार्थीहरूको आवश्यक, बौद्धिक स्तर र रुचि क्षेत्रको पहिचान गरी सावधानीपूर्वक कार्यान्वयन गर्न तर्फ सचेत हुनु जरुरी देखिन्छ ।
- विषय शिक्षकले विद्यार्थीहरूलाई पठनबोधसम्बन्धी अभ्यास गराउँछ पाठ्यपुस्तकमा समावेश भएका पाठहरूबाट मात्र नगराएर अन्य स्तरीय र उपयुक्त विषयवस्तु र सन्दर्भ सामग्रीबाट पठनबोध सम्बन्धी अभ्यास गराउनु पर्ने देखिन्छ ।
- सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताबिच अन्तर देखिएकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको चापलाई नियन्त्रण गर्ने, सन्दर्भ सामग्री, पत्रपत्रिका जस्ता आवश्यक पाठ्यसामग्रीको प्रभावकारितालाई बढाउनु पर्ने देखिन्छ ।
- कक्षा शिक्षणमा शिक्षक मात्र सक्रिय नभई विद्यार्थी केन्द्रित र सक्रियतामा जोड दिनुपर्ने देखिन्छ ।
- विद्यार्थीहरूको पठनबोध क्षमता विकासका लागि भाषा पाठ्यपुस्तकमा विषयवस्तुको चयन गर्दा क्षेत्र, लिङ्ग, भाषा, स्थानीयता, उमेर, तह आदि पक्षलाई समेट्ने विषयवस्तु छनोट एवम् सङ्कलन गर्नुपर्ने देखिन्छ ।
- विद्यालयको तल्लो तहदेखि नै निगमनात्मक विधिलाई प्राथमिकता दिई आगमनात्मक विधि अपनाई कक्षा शिक्षण गर्ने परिपाटिको अन्त्य गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, शान्ति (२०६७), 'तनहुँ जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

आचार्य, कृष्णप्रसाद (२०६८), *भाषाविज्ञान र नेपाली भाषा,* काठमाडौँ : क्षितिज प्रकाशन ।

कुँवर, विश्वनाथ (२०६९), 'अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, कृष्ण (२०७०), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, गोविन्द (२०६६), 'कक्षा तीनका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६६), *नेपाली भाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम.के. पब्लिकेसन एण्ड डिस्टिव्युटर्स ।

तिमिल्सेना, गीता (२०७३), 'कैलाली जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, कल्पना (२०६७), 'झापा जिल्लाका उच्च माध्यमिक तहमा अध्ययनरत कक्षा बाह्रका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, यशोदा (२०६७), 'कक्षा चार पूरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पण्डित,  जगदीश (२०६९), 'खोटाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, राजेन्द्रप्रसाद र सि.एन. पण्डित (२०६६), *आधुनिक अनुसन्धान पद्धति,* काठमाडौँ : प्रज्ञा पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६३), *नेपाली शिक्षा शोधविवरण,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७५), *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७२), *भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन ।

लामिछाने, यादवप्रकाश (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : क्षितिज प्रकाशन ।

श्रेष्ठ, सविना (२०७३), 'काठमाडौँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट (क)

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालय

**सामुदायिक विद्यालय**

- श्री माहाकाली उच्च माध्यमिक विद्यालय, बेलौरी नगरपालिका ६ कञ्चनपुर
- श्री शारदा मा.वि बेलौरी नगरपालिका - ८, कञ्चनपुर
- श्री शान्ति माध्यमिक विद्यालय बेलौरी नगरपालिका ४, शान्तिपुर कञ्चनपुर
- श्री कृष्ण आधारभूत विद्यालय, बेलौरी नगरपालिका - ६ रिछ्हा, कञ्चनपुर
- श्री सरस्वती माध्यमिक विद्यालय बेलौरी न.पा. - ३ बुटावार, कञ्चनपुर

**संस्थागत विद्यालय**

- श्री एभेरेष्ट बोडिङ स्कुल बेरौली-६ बजार कञ्चनपुर
- सिद्धार्थ बोडिङ माध्यमिक स्कुल बेलौरी-६, कञ्चनपुर
- ब्राइट स्टार बोडिङ स्कुल बेलौरी ५ शान्तिपुर
- बिज्डम एकेडेमी, बेलौरी ६ कञ्चनपुर
- श्री सनराइज विद्यासदन इङ्लिस स्कुल, बेलौरी ५ कञ्चनपुर

**तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका १०० जना विद्यार्थीहरूको विवरण**

| | | |
|---|---|---|
| १. | रेशमा भाट | ७८ |
| २. | आसिका वडायक | ८३ |
| ३. | आरती चन्द | ७२ |
| ४. | रञ्जना राना | ८४ |
| ५. | विमल राना | ७० |
| ६. | कृष्ण राना | ७६ |
| ७. | लवकुस राना | ७७ |
| ८. | आवेश राना | ४२ |
| ९. | सविन चौधरी | ८३ |
| १०. | सिवा महत्त्व | ८० |
| ११. | सलिना चौ. | ४९ |
| १२. | कमला लोहारा | ८७ |
| १३. | सुस्मिता भण्डारी | ४५ |
| १४. | नदीन चौधरी | ६३ |
| १५. | अनिकेत राना | ८१ |
| १६. | विमल चौधरी | ७३ |
| १७. | पुजा महत्त्व | ७५ |
| १८. | माधव खडायत | ७७ |
| १९. | दिपक राना | ६६ |
| २०. | मनिष सावद | ७६ |
| २१. | महेश्वरी राना | ३३ |
| २२. | निमला कुँवर | ४२ |
| २३. | गोमा जसी | ६६ |

| | | |
|---|---|---|
| २४. | रक्षा विष्ट | ७६ |
| २५. | आसथा वडायक | ३३ |
| २६. | राजेन्द्र सावद | ६२ |
| २७. | प्रताप राना | ७१ |
| २८. | अमित चौधरी | ८० |
| २९. | दिपेन्द्र चौधरी | २६ |
| ३०. | रामसिह पुजारा | ३९ |
| ३१. | रेशमा पुरी | २८ |
| ३२. | रितिमा कोइराला | ७८ |
| ३३. | कुसुम सुनार | ७१ |
| ३४. | सलिना भूल | ८१ |
| ३५. | मनिषा जैसी | ६२ |
| ३६. | दिपेश सुनार | १६ |
| ३७. | कवि सुनार | ५९ |
| ३८. | विजय उपाध्याय | ३९ |
| ३९. | रोशन पुरी | ८२ |
| ४०. | आकषी थापा | ७५ |
| ४१. | सम्झना बहिरा | ८१ |
| ४२. | ऐलिसा विष्ट | ८५ |
| ४३. | अनुसा पाण्डे | ७५ |
| ४४. | प्रसिद्धि गौतम | ८५ |
| ४५. | अनुन चन्द | ८४ |
| ४६. | प्रजोल गौतम | ८५ |

| | | |
|---|---|---|
| ४७. | तनज गीरि | ७९ |
| ४८. | निराज चन्द | ७१ |
| ४९. | विनोद विष्ट | ७४ |
| ५०. | पुजा के.सी | ८४ |
| ५१. | सचिन सुनार | ४० |
| ५२. | आसिका राना | ७५ |
| ५३. | अनुष्का थापा | ५० |
| ५४. | दिया भण्डारी | ७९ |
| ५५. | सरस्वती लोहारा | ६६ |
| ५६. | शिवनाराय राना | ८२ |
| ५७. | अनुगरा राना | ७९ |
| ५८. | सुनिल राना | ७३ |
| ५९. | योगेश राना | ८० |
| ६०. | अविन चौधरी | ७५ |
| ६१. | आयुष विष्ट | ७५ |
| ६२. | नवराज ठगुन्ना | ८० |
| ६३. | रेखा के.सी | ७३ |
| ६४. | केचन  देउवा | ७२ |
| ६५. | सुस्मा भण्डारी | ३० |
| ६६. | नवीनराना | ५० |
| ६७. | प्रकाश विष्ट | ७८ |
| ६८. | आकृति बोहरा | ५४ |
| ६९. | प्रभान्त सिंह | ७९ |
| ७०. | आरजु काकी | ८५ |

| | | |
|---|---|---|
| ७१. | अस्मिता भण्डारी | ८० |
| ७२. | प्रेक्षा शर्मा | ८१ |
| ७३. | कोपिला राना | ७५ |
| ७४. | अनुष्का विष्ट | ८५ |
| ७५. | रामविर चौधरी | ७५ |
| ७६. | सन्तोषउपाध्य | ६७ |
| ७७. | युनिक चौधरी | ७५ |
| ७८. | बसन्त सापकोटा | ८४ |
| ७९. | अुनप चौधरी | ८४ |
| ८०. | समिर राना | ३४ |
| ८१. | अमिर चौधरी | २५ |
| ८२. | जीवन चौधरी | ४६ |
| ८३. | अमित राना | ४६ |
| ८४. | दिपेन्द्र बुढाखोकी | २५ |
| ८५. | दिपिका राना | ४० |
| ८६. | निर्माण चौधरी | ७८ |
| ८७. | निर्माण चौधरी | ७८ |
| ८८. | अञ्जली चौधरी | ६० |
| ८९. | गरिमा चौधरी | १८ |
| ९०. | उषा चौधरी | ३५ |
| ९१. | गरिमा चन्द्र | ८८ |
| ९२. | प्रियका चन्द्र | ९० |
| ९३. | रेनुका नाथ | ८५ |
| ९४. | दिपेश वडुवाल | ८५ |

| | | |
|---|---|---|
| ९५. | सुशान्त चन्द्र | ८८ |
| ९६. | सिता भट्ट | ८८ |
| ९७. | आयुष भट्ट | ८७ |
| ९८. | कुशल भट्ट | ८७ |

| | | |
|---|---|---|
| ९९. | साहिला भण्डारी | ८५ |
| १००. | ईश्वरी रावल | ८७ |

# व्यक्तिवृत्त



नाम : सुशीला भट्ट

जन्ममिति : २०४८/०७/०२

ठेगाना : बेलौरी नगरपालिका-६, कञ्चनपुर

बुवाको नाम : दुर्गादत्त भट्ट

आमाको नाम : भुवनेश्वरी भट्ट

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४८६६४८३३

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री महाकाली माध्यमिक विद्यालय, कञ्चनपुर | २०६४ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री महाकाली उच्च माध्यमिक विद्यालय, कञ्चनपुर | २०६७ | द्वितीय |
| स्नातक तह (बी.एड.) | श्री महाकाली बहुमुखी क्याम्पस, कञ्चनपुर | २०७२ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |